## प्रधानमन्त्री रोजगार कार्यक्रम

# आन्तरिक मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाण्डौं

वैशाख, २०७८

www.npc.gov.np

# मूल्याङ्कन समूह

डा. रामकुमार फुयाल
संयोजक
माननीय सदस्य, राष्ट्रिय योजना आयोग

श्री किशोर जोशी
सदस्य
सहसचिव, राष्ट्रिय योजना आयोग

श्री यदुनाथ आचार्य
सदस्य
कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग

श्री केशव प्रसाद सुवेदी
सदस्य
उपसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

श्री रामहरी पाण्डे/विमला रेग्मी
सदस्य
योजना अधिकृत, राष्ट्रिय योजना आयोग

# संक्षेपीकरण

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| आयोग | राष्ट्रिय योजना आयोग |
| मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| प्र.म.रो.का. | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| उ.म.न.पा. | उपमहानगरपालिका |
| म.न.पा. | महानगरपालिका |
| रू. | रूपैंया |
| KII | Key Informants Interview |
| FGD | Focus Group Discussion |
| HDI | Himan Development Index |

# बिषय सूची

**तालिका सूची**

**चित्र सूची**

**कार्यकारी सारांश**

**परिच्छेद १: मूल्याङ्कनको पृष्ठभूमी**

१.१ पृष्ठभूमी

१.२ विद्यमान समस्या र मूल्याङ्कनको आवश्यकता

१.३ मूल्याङ्कनको उद्देश्य र अपेक्षित नतिजा

१.४ मूल्याङ्कनको कार्यक्षेत्र

१.५ मूल्याङ्कनका सन्दर्भ सामग्री तथा दस्तावेजहरू

१.६ प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय

**परिच्छेद २: मूल्याङ्कन विधि**

४.१ प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन

४.२ द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन

४.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

४.४ मूल्याङ्कनको सीमा

**परिच्छेद ३: मूल्याङ्कन र विश्लेषण**

५.१ कार्यसम्पादन

५.२ सान्दर्भिकता

५.३ प्रभावकारिता

५.४ कार्यदक्षता

५.५ प्रभाव

५.६ दिगोपना

५.७ सुसंगता

**परिच्छेद ४: मूल्याङ्कनबाट प्राप्त नतिजा, समस्या र सवालहरू**

६.१ मूल्याङ्कनबाट प्राप्त नतिजा

६.२ समस्या

६.३ प्रमुख सवालहरू

**परिच्छेद ५: निष्कर्ष र सुझाव**

**सन्दर्भ सामग्री**

**अनुसूची**

अनुसूची १: स्थलगत तथ्याङ्क संकलनका लागि छनौट भएका स्थानीय तहको विवरण

अनुसूची २: तथ्याङ्क तथा विवरण संकलनका लागि प्रयोग भएका प्रश्नावली तथा चेकलिष्ट

अनुसूची ३: तस्विरहरू

## तालिका सूची


तालिका १: कार्यक्रम कार्यान्वयन अवस्था

तालिका २: विषय क्षेत्र अनुसार आयोजना संख्या

तालिका ३: सूचीकृत बेरोजगारलाई रोजगारी उपलब्ध भएको अवधि

तालिका ४: बजेट विनियोजन, निकासा र खर्चको विवरण

तालिका ५: संलग्न कामदारले प्राप्त गरेको ज्यालादर

तालिका ६: सूचीकृत र रोजगार प्राप्त व्यक्तिहरूको उमेर समूह अनुसारको विवरण


## चित्र सूची


चित्र १: सूचीकृत बेरोजगार र रोजगारी प्राप्त गर्ने व्यक्तिको विवरण

चित्र २: सूचीकृत बेरोजगार संलग्न भएको रोजगारी दिन

चित्र ३: स्थानीय तह अनुसार वित्तीय प्रगति

चित्र ४: कार्यक्रम सम्बन्धमा सूचना तथा जानकारी

चित्र ५: कार्यक्रम सम्बन्धी स्थानीय तहको बुझाई

चित्र ६: सूचीकृत र रोजगार प्राप्त व्यक्तिहरूको लैङ्गिक अनुपात

चित्र ७: वार्षिक बजेट विनियोजन

# कार्यकारी सारांश

१. संविधानमा उल्लेखित रोजगारी र सामाजिक सुरक्षाको हक प्रत्याभूति गर्न सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिन रोजगारीमा संलग्न गराई सोवापतको पारिश्रमिकबाट सामाजिक सुरक्षाको दायरामा ल्याउने र उत्पादनशील रोजगारी सिर्जना गर्ने उद्देश्यले नेपाल सरकारले आ.व. २०७५/७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । यसको सफल कार्यान्वयनका लागि आवश्यक कानुनी, संस्थागत र संगठनात्मक व्यवस्था गरिएको छ ।

२. सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यस कार्यक्रमको दीर्घकालीन सोच रहेको छ र आन्तरिक रोजगारीका अवसरमा वृद्धि तथा सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु मुख्य लक्ष्य रहेको छ । समाजका निम्न वर्गीय वा तल्लो तप्काका जनताको जीविकोपार्जनलाई टेवा पुर्याउन कार्यान्वयनमा ल्याइएको यो एक रूपान्तरणकारी कार्यक्रम हो । यसको कार्यान्वयनबाट छिमेकी मुलुक भारतमा मजदुरीका लागि जाने व्यक्तिहरूको प्रवाह कम हुने अपेक्षा गरिएको छ ।

३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वदायी भूमिकामा ७५३ वटै स्थानीय तहमार्फत कार्यान्वयनमा रहेको यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि यससँग सम्बन्धित सवाल तथा समस्याहरूको पहिचान गरी सुधारका उपाय अवलम्वन गर्न यसको आन्तरिक मूल्याङ्कन गर्ने विषय राष्ट्रिय योजना आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्यक्रममा समेटिएको छ । सोअनुसार अवधारणापत्र तयार गरी कार्य योजनासहित आयोगबाट मूल्याङ्कन कार्य सम्पन्न गरिएको छ ।

४. कार्यक्रम कार्यान्वयनका लागि वार्षिक ठूलो परिमाणमा बजेट विनियोजन हुने गरेको र उल्लेख्य परिमाणमा उत्पादनशील रोजगारी सिर्जना हुने अपेक्षा गरिएको तर लक्षित मात्रामा रोजगारी सिर्जना हुन नसकेको, नीतिगत तथा कानुनी प्रावधानहरूको पूर्ण पालना गरी कार्यक्रम सञ्चालन नभएको गुनासो आउने गरेको, कतिपय स्थानीय तहहरूले रोजगारमूलक आयोजना सञ्चालन गर्दा असान्दर्भिक र गैर प्रतिफलदायी आयोजना तथा कार्यक्रम सञ्चालन गरेको भन्ने आलोचनात्मक टिप्पणी सञ्चार माध्ययम र सामाजिक सञ्जालहरूमा आउने गरेको, स्थानीय तहले सूचीकृत नभएका व्यक्तिहरूलाई पनि काममा लगाउने र कम दिनको मात्र पारिश्रमिक दिने गरेको लगायतका समस्या र सवालहरू उठ्ने गरेको सन्दर्भमा कार्यक्रम कार्यान्वयनको ढाँचा तथा सोबाट परेको असर लगायतका विविध पक्षको मूल्याङ्कन गरी सुधार हेतु नीतिगत उपाय अवलम्बनका लागि आवश्यक पृष्ठपोषण प्राप्त गर्न यस कार्यक्रमको मूल्याङ्कन गर्नु आवश्यक देखिएको छ ।

५. मूल्याङ्कन कार्यका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ लाई मूख्य सन्दर्भ सामग्रीको रूपमा लिई पन्ध्रौं योजनाको दस्तावेज, राष्ट्रिय रोजगार नीति २०७१, रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ लगायतका ऐन, नियम, कार्यविधिलाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

६. सानो समूहबाट सीमित समय र स्रोत परिचालनमार्फत सानो परिमाणको नमूना एकाइबाट विवरण संकलन तथा प्रशोधन गरी सञ्चालन गरिएको मूल्याङ्कन कार्यका सिलसिलामा कोभिड-१९ महामारीको दोस्रो लहरका कारणले तोकिएका सबै स्थानमा स्थलगत भ्रमण गर्न नसक्नु यसको मूख्य सीमाको रूपमा रहेको छ ।

७. विनियोजित बजेट, संलग्न मानवीय संशाधन तथा उपकरण लगायतका स्रोत तथा साधनको प्रयोग तोकिएबमोजिम वा योजना अनुसार भएका छन् वा छैनन् र कार्यक्रमको लक्ष्य अनुसार उपलब्धि हासिल भयो/भएन वा हुने दिशातर्फ उन्मुख छ/छैन सोको मूल्याङ्कन गरी सुधारका पक्षहरू पहिल्याउने, यसले समेटेको जनसंख्याको समूह उपयुक्त छ वा छैन लगायतका विषयको मूल्याङ्कन गरी कार्यक्रमको सान्दर्भिकता परीक्षण गर्ने, लक्ष्य अनुसार बेरोजगार व्यक्तिहरूले रोजगारी प्राप्त गरे नगरेको, रोजगारी प्राप्त गरेका व्यक्तिहरूको आय आर्जनमा वढोत्तरी भए नभएको, कार्यक्रम निर्धारित लागत र समयमा सञ्चालन भए नभएको आदि विषयको परीक्षण तथा मूल्याङ्कन गर्नु यस मूल्याङ्कनको मूख्य उद्देश्य हो ।

८. यस मूल्याङ्कनबाट देखिएका समस्या र सम्बोधन गर्नुपर्ने प्रमुख सवालबारे जानकारी प्राप्त हुने, कार्यक्रमको लागि परिचालित स्रोतको पर्याप्तता र गर्नुपर्ने सुधारका पक्ष उजगार हुने, संघीय सरकार र स्थानीय सरकार तथा नीजि क्षेत्रसँगको समन्वय र सहकार्यको अवस्था तथा कार्यक्रम सम्बन्धमा बुझाईबारे जानकारी प्राप्त हुने, स्थानीय तहको कार्यक्रम प्रतिको अपनत्व ग्रहण र लागत सहभागिताबारे जानकारी प्राप्त हुने, विद्यमान कानुनी तथा संरचनागत पक्षमा संशोधन वा सुधार गर्नुपर्ने विषयको पृष्ठपोषण प्राप्त हुने र आगामी समयमा थप प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने विषय तथा नीतिगत सुधारका लागि आवश्यक पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरिएको छ ।

९. कार्यक्रम सम्बन्धमा स्थानीय तहको बुझाई र अपनत्वको अवस्था, कानुनी तथा संस्थागत व्यवस्था र सोको प्रभावकारिता, स्रोतको पर्याप्तता र परिचालनको अवस्था, निकासा, खर्च र लागत साझेदारीको अवस्था, बेरोजगार व्यक्तिहरूको सूचीकरण, रोजगारीमा संलग्नता र काममा निरन्तरता वा टिकाउको अवस्था, कार्यक्रमबाट बेरोजगार व्यक्तिहरूको आयआर्जन र जीविकोपार्जनमा परेको असर र प्रभाव तथा कार्यक्रम थप प्रभावकारी तवरले सञ्चालन गर्न अपनाउनु पर्ने सुधारका पक्षहरू यस मूल्याङ्कन कार्यका कार्यक्षेत्र हुन् । यसका अलावा कार्यक्रमको विविध पक्षलाई मूल्याङ्कनका सर्वमान्य ६ वटा आयाम (कार्यसम्पादन, सान्दर्भिकता; प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपना) बाट समेत परीक्षण गरिएको छ ।

१०. यो मूल्याङ्कन सिद्धान्ततः कार्यक्रम चालु रहेको अवस्थाको मूल्याङ्कन (Ongoing Evaluation) हो । स्थलगत भ्रमण गरी स्थानीय तहका पदाधिकारी र कर्मचारी तथा रोजगार सेवा केन्द्रका कर्मचारीसँगको अन्तर्वार्ता, रोजगारी प्राप्त गरी काममा संलग्न भएका व्यक्तिसँगको अन्तर्वार्ता, समूहगत छलफल, स्थलगत अवलोकन र सन्दर्भ दस्तावेज अध्ययनमार्फत विवरण तथा तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। मूल्याङ्कनको लागि प्राथमिक तथा द्वितीयक दुवै स्रोतका तथ्याङ्क उपयोग गरिएको छ र परिमाणात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) विवरण संकलन गरी विश्लेषण गरिएको छ।

११. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुनी, संस्थागत र संगठनात्मक व्यवस्था गरिएको र ठूलो परिमाणमा स्रोत साधन परिचालन गरिएको भएतापनि कार्यक्रमको समग्र कार्यसम्पादनको अवस्था सन्तोषजनक देखिदैंन । विगत वर्षहरूमा सबै स्थानीय तहमा अनुदान रकम हस्तान्तरण हुन नसकेको र अनुदान पाएका कतिपय स्थानीय तहले आयोजना सञ्चालन नै नगरेको अवस्था छ । स्थानीय तहहरूले कार्यक्रमको राष्ट्रिय लक्ष्य अनुसार रोजगारी सिर्जना गर्न सकेका छैनन् ।

१२. बेरोजगार व्यक्तिहरूलाई काम दिएर सोवापतको पारिश्रमिकमार्फत सामाजिक सुरक्षाको प्रत्याभूति र स्थानीय तहले छनौट गरेका आयोजनाहरू श्रममूलक प्रयासबाट सम्पन्न हुने कारणले स्थानीय तहहरूले आयोजना सञ्चालन र रोजगारी सिर्जना एकसाथ गर्न सक्ने हुँदा यस कार्यक्रम निकै सान्दर्भिक रहेको छ । कार्यक्रमबाट तीन वटा आर्थिक वर्षमा करिव २ लाख ५० हजार जनालाई औषत १८ दिनको रोजगारी उपलव्ध भएको छ र स्थानीय तहले छनौट गरेका विभिन्न विषय क्षेत्रका धेरै आयोजनाहरू सम्पन्न भएका छन् ।

१३. कार्यक्रमको हालसम्मको भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक देखिदैन । रोजगारी संख्या र जम्मा रोजगारी दिनको आधारमा प्रति व्यक्तिले औषत रोजगार प्राप्त गरेको दिन गणना गर्दा १८ दिन मात्र रहेको देखिन्छ । न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने लक्ष्य विगत आर्थिक वर्षहरूमा पुरा हुन सकेन र चालु वर्षमा पनि पुरा हुने सम्भावना कम देखिएको छ । वित्तीय प्रगतितर्फ हालसम्मका कुनै आर्थिक वर्षमा पनि यस कार्यक्रम सञ्चालनका लागि विनियोजन भएको रकमको सतप्रतिशत खर्च हुन सकेको छैन ।

१४. अधिकांश स्थानीय तहमा यो कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति र भौतिक साधन पर्याप्त रहेको छ । जनशक्ति पर्याप्त नभएका केहि स्थानीय तहले सूचना प्रविधि सम्बन्धी जनशक्ति, प्रशासनिक कर्मचारी र फिल्ड स्टाफ लगायतका जनशक्ति आवश्यक भएको जनाएका छन् । भौतिक साधनतर्फ ५० प्रतिशत स्थानीय तहमा अपर्यापत रहेको र फर्निचर, कम्प्युटर, सूचना प्रविधि पूर्वाधार, सफ्टवेर आदि सामग्रीको व्यवस्था हुनुपर्ने देखिएको छ ।

१५. स्थानीय तहका करिव एक तिहाई निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूको यस कार्यक्रम सम्बन्धी बुझाई सामाजिक सुरक्षाको प्रत्याभूति भन्दा पनि रोजगारी सिर्जना गर्नु रहेको पाईयो। बेरोजगार सूचीकरण र रोजगारीका अवसर सम्बन्धी सूचना सरोकारवाला समक्ष पुर्याउने कार्यमा स्थानीय आमसञ्चार माध्यमको उपस्थिति र पहुँच नगन्य देखिएको छ भने स्थानीय जनप्रतिनिधि र स्थानीय तहका कार्यालयको भूमिका सर्हानीय देखिएको छ ।

१६. करिव दुई तिहाई स्थानीय तहले विद्यमान कार्यविधि र निर्देशिकामा रहेका प्रावधानले कार्यक्रम सञ्चालन गर्न सहज भन्दा धेरै असहज भएको महसुस गरेका छन् । अनुदान रकमको सत प्रतिशत नै ज्यालामा खर्च गर्नुपर्ने हुँदा आवश्यक पर्ने औजार वा उपकरण खरिद गर्न र अन्य भइपरी आउने खर्च पूर्ति गर्न समस्या, आयोजना छनौटबारे स्पष्ट नहुनु, आयोजनाको कामसँग सीप बेमेल हुँदा पनि सूचीकृत कामदारलाई काममा लगाउनै पर्ने बाध्यता, हरेक वर्ष बेरोजगार सूचीकरण गर्नुपर्ने, बैंक खातामा नै रकम जाने तथा काम सम्पन्न भएपछि मात्र एकमुष्ट रकम भुक्तानि हुने र स्थानीय दररेट भन्दा कम भए पनि तोकिएको ज्याला मात्र उपलव्ध हुने प्रावधानले समस्या भएको विषय धेरै स्थानीय तहबाट व्यक्त भएका छन् ।

१७. देशव्यापीरूपमा प्रति दिन ५१७ रूपैंयाका दरले ज्याला दररेट कायम भएकाले कार्यक्रम शुरू भएको वर्षको तुलनामा पछिल्ला वर्षहरूमा प्रति दिन औषत ज्याला घट्दै गएको देखिन्छ । तोकिएको ज्याला स्थानीय ज्याला दररेट भन्दा अधिकांश स्थानीय तहमा कम भएको र वार्षिक मुद्रास्फितिका कारणले बेरोजगार व्यक्तिले प्राप्त गरेको ज्यालाको प्रभाव कम हुँदै गएको देखिन्छ ।

१८. अधिकांश स्थानीय तहले तोकिए अनुसार सूचीकृत बेरोजगारहरूलाई न्यूनतम १०० दिनको रोजगारी उपलव्ध गराएका छैनन् । यसका पछाडी ज्यालादर कम भएकाले कामदारहरूले बीचमै काम छोडेको, कुनै वर्ष १०० बाँकी नरहने गरी जेष्ठ महिनामा रकम निकासा भई आएको, कोरोना महामारीका कारणले पूर्ण समय काममा लगाई आयोजना सम्पन्न गर्न नसकिएको जस्ता कारण रहेका छन् । अधिकांश स्थानीय तहमा कामदारहरूले सम्बन्धित काम आफ्नो सीप र योग्यतासँग नमिलेको र काममा संलग्न हुनुअघि कामसँग सम्वन्धित तालिम प्राप्त नगरेको देखिएको छ ।

१९. करिव दुई तिहाई स्थानीय तहले विद्यमान नीति, निर्देशन, कार्यविधि र निर्देशिकामा उल्लेख भएअनुसारका प्रावधान पूरा गरेर बेरोजगार सूचीकरण तथा रोजगारी उपलब्ध गराएको देखिन्छ । अन्य स्थानीय तहले सूचीकृत व्यक्ति भन्दा फरक व्यक्तिहरूलाई समेत काममा लगाएको, थोरै दिन मात्र काममा लगाएर स्थानीय ज्यालाको दररेट अनुसार वढी रकम उपलव्ध गराएको जस्ता निर्देशिका तथा कार्यविधि भन्दा फरक तवरले कार्यक्रम सञ्चालन गरेको देखिएको छ ।

२०. सूचीकृत व्यक्तिहरूमा महिला र पुरूषको संख्या लगभग बराबर र कुनै वर्षमा पुरूष भन्दा महिला धेरै भएको तर रोजगारी प्राप्त गरेका व्यक्तिहरूमा पुरूषको बाहुल्यता देखिएको छ । सूचीकृत र रोजगार प्राप्त गर्ने व्यक्तिहरूमा १८-३९ वर्षका युवाहरूको आधिक्यता छ ।

२१. विगतमा रोजगारीमा संलग्न भएका सत प्रतिशत व्यक्तिहरूले अवसर पाएमा फेरी पनि यस कार्यक्रमले दिने रोजगारीमा संलग्न हुने इच्छा व्यक्त गरेका छन् । सीप र योग्यता अनुसारको काम नहुनु, न्युन पारिश्रमिक र अन्यत्र काम पाउनु लगायतका कारणले करिव ८ प्रतिशत व्यक्तिहरूले बीचैमा काम छोड्ने गरेको देखिएको छ ।

२२. एक तिहाई भन्दा धेरै स्थानीय तह (३८ प्रतिशत) ले आफ्नो तर्फबाट समेत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालनमा लागत साझेदारी गरेको देखिन्छ । स्थानीय तहको समेत लागत साझेदारी वृद्धि हुँदै गएमा कार्यक्रमको वित्तीय दिगोपन कायम रहन मद्दत पुग्ने देखिन्छ । केहि स्थानीय तहहरू संघीय सरकारबाट वित्तीय स्रोत प्राप्त नभएमा पनि यो कार्यक्रम आफ्नै स्रोतबाट सञ्चालन गर्न सक्षम रहेको देखिएको छ । अधिकतर स्थानीय तहले भने संघीय सरकारले यस कार्यक्रमका लागि वित्तीय स्रोत हस्तान्तरणलाई निरन्तरता दिइरहनु पर्ने उल्लेख गरेका छन् ।

२३. सबै स्थानीय तहमा एउटै ज्याला दररेट कायम हुनु र स्थानीय ज्यालादर भन्दा न्यून ज्याला भएकाले काममा लगाउन समस्या परेको, शतप्रतिशत ज्यालामा मात्र बजेट व्यवस्था हुँदा निर्माण सामग्री र औजारका लागि बजेट विनियोजन नभएका आयोजना कार्यन्वयन गर्न समस्या भएको, स्थानीय तहले कति र कुन समयमा लागत साझेदारीबावतको रकम विनियोजन गर्नुपर्ने

हो कार्यविधिले स्पष्ट नगरेको, सूचिकृत बेरोजगार आयोजना कार्यान्वयनको समयमा उपलव्ध नहुने र नयाँ विपन्न बेरोजगारले निवेदन दिन नसक्ने प्रावधानले समस्या भएको, श्रमप्रधान आयोजनाको लागत अनुमान तथा मूल्यांकनका छुट्टै मापदण्ड नहुँदा लागत अनुमान तथा मूल्यांकन तयार गर्न समस्या परेको, विपन्न बेरोजगारलाई मासिक रूपमा वा आयोजना सम्पन्न पश्चात मात्र ज्याला भुक्तानी दिदा न्यायसंगत नभएको र बैङ्क पहुँच विस्तार नभएका स्थानमा ज्याला भुक्तानी प्राप्त गर्न बेरोजगार व्यक्तिहरूले कठीनाई भोग्नुपरेको जस्ता कार्यक्रसँग सम्बन्धित समस्याहरू देखिएका छन् ।

२४. कुनै वर्ष अनुदान रकमको निकासा ढिलो आउने र कुनै वर्ष पटकेरूपमा आउने गर्दा आयोजना सञ्चालन र रोजगार प्रदान गर्न कठीनाई भएको, कोभिड-१९ महामारीको कारणले कार्यक्रम कार्यान्वयनमा समस्या परेको, केही स्थानीय तहहरूमा जनशक्ति र भौतिक साधन पर्याप्त नभएको र कतिपय स्थानीय तहमा सूचना प्रविधि पूर्वाधारको अभाव रहेको, कार्यक्रम सम्बन्धी सूचना प्रवाह प्रभावकारी हुन नसकेको, कामदारहरूको सीप र योग्यतासँग छनौट भएका आयोजनाको तालमेल नमिलेको र कामसँग सम्बन्धित तालिमको अभाव रहेको, कामदारहरू आयोजना स्थलसम्म आवतजावतका लागि परिवहन सुविधाको अभाव रहेको, सूचीकृत र रोजगार प्राप्त व्यक्ति भन्दा फरक वा खेताला कामदार संलग्न हुने गरेको, हरेक वर्ष सूचीकृत हुनका लागि बेरोजगार व्यक्तिहरूले कागजातह जुटाउन र फाराम भर्न झन्झट हुने गरेको, सूचीकरण हुँन विवरण भर्ने कार्य झन्झटिलो रहेको, शैक्षिक बेरोजगार र सीपयुक्त बेरोजगार व्यक्तिहरूलाई समेट्ने प्रावधान न्युन रहेको, तराई क्षेत्रमा नागरिकताबाट बञ्चित बेरोजगार नेपालीहरू सूचीकृत हुन नसकेको लगायतका थप समस्याहरू पनि देखिएका छन् ।

२५. स्थानीय तहलाई नियमसंगत ढंगले कार्यक्रम सञ्चालनका लागि उत्प्रेरित गरी भौतिक तथा वित्तीय प्रगति वढाउने, देशव्यापीरूपमा तोकिएको एकल ज्यालादर र स्थानीय तहको ज्याला दररेटसँग सामन्जस्य तथा मुद्रास्फितिको आधारमा समेत समायोजन गरी उचीत ज्यालादर निर्धारण गर्ने, तोकिए बमोजिक रोजगारको अवधि १०० दिन पुर्याउने, स्थानीय तहको लागत साझेदारी जुटाउने, श्रममूलक तथा कम सिपयुक्त कामदारबाट सञ्चालन हुने आयोजनाको लागत अनुमान अन्य आयोजनाको लागत अनुमान र सार्वजनिक खरिद कानुनसँग सामन्जस्यता कायम गर्ने, छनौट भएका आयोजनाहरू विविधिकरण गर्ने, बेरोजगार सूचीकरण कार्यलाई यथार्थ र प्रभावकारी बनाउने, रोजगार संयोजक तथा स्थानीय तहका निर्वाचित पदाधिकारीहरूलाई वित्तीय साक्षरता तथा कार्यक्रम सम्बन्धमा अभिमूखीकरण गर्ने, गलत विवरण भरेर सूचीकृत हुने कार्यलाई निरूत्साहित गरी सुविधा पाउनुपर्ने वर्गको अधिकार सुनिश्चित गर्न सूचीकरण पद्धतिमा सुधार गर्ने, सूचीकृत भएका अधिकतम व्यक्तिलाई रोजगारी प्रदान गर्न वित्तीय स्रोतको दिगो सुनिश्चितता गर्ने लगायतका सवालहरू कार्यक्रमसँग जोडिएका छन् ।

२६. कार्यक्रमको व्यवस्थित कार्यान्वयनका लागि आवश्यक समन्वय तथा रोजगार सेवा केन्द्रहरूको सुदृढीकरण, स्रोतको पर्याप्त हस्तान्तरण र नीतिगत सहजीकरण गरी सबै स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने, अनुगमन गर्ने संयन्त्र र पद्धति सुदृढ गर्ने, राष्ट्रिय न्यूनतम ज्यालादर वा स्थानीय न्यूनतम ज्याला दरको ८० प्रतिशतले हुने रकममध्ये जुन वढी

हुन्छ सोही दर कायम गर्ने नीतिगत व्यवस्था गर्ने, राष्ट्रिय तथा क्षेत्रगत उपभोक्ता मूल्य सूचकांकहरूलाई आधार लिई न्यूनतम ज्यालादर समायोजन गर्ने पद्धति स्थापना गर्ने, आयोजनाको कुल लागत मध्ये कम्तीमा ७० प्रतिशत ज्यालामा र ३० प्रतिशत निर्माण सामाग्री लगायतमा खर्चको व्यवस्था गर्ने, स्थानीय तहबाट लागत साझेदारी गर्ने विषयलाई व्यवस्थित गर्ने, शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रका आयोजनालाई समेत रोजगार कार्यक्रममा समेटेर शैक्षिक बेरोजगारहरूलाई पनि सम्बोधन गर्ने, अनुदान हस्तान्तरणमा सूचिकृतमा बेरोजगार प्राथमिकिकरणमा प्राप्त हुने प्राप्ताङ्कलाई आधार मान्ने, बेरोजगार प्राथमिकीकरणमा गरिव घरपरिवार सूचीकरण तथ्याङ्क प्रयोग गर्ने व्यवस्था गर्ने, श्रममूलक आयोजनाको लागत अनुमान तथा मूल्यांकन तयार गर्ने निश्चित मापदण्ड तयार गर्ने, प्रत्येक पन्ध्र दिनमा ज्यालावापतको रकम कामदारहरूलाई भुक्तानी दिने प्रणालीको व्यवस्था गर्ने आदि विषय आत्मसात गर्नुपर्ने देखिन्छ।

२७. बैंकिंग सेवा विस्तारमा समन्वय गर्ने र पहुँच कम भएका वा टाढा भएका स्थानीय तहमा श्रमिक समूहको नाममा ज्याला भुक्तानी दिने व्यवस्था मिलाउने, रोजगार संयोजक तथा स्थानीय तहका निर्वाचित पदाधिकारीलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने, निजी क्षेत्र वा निर्माण व्यावसायीहरूले निर्माण गर्ने पूर्वाधार तथा अन्य ठेक्काको काममा चाहिने तर कुनै विशिष्टिकृत सीप आवश्यक नपर्ने श्रमशक्ति अनिवार्यरूपमा रोजगार सेवा केन्द्रबाट माग गरी काममा लगाउने व्यवस्था गर्ने, स्थानीय तहको नगर वा गाउँ सभा हुनअघि नै तत् तत् तहमा सूचीकृत मध्ये रोजगार पाउन योग्य व्यक्तिको संख्या र अनुदान रकमको जानकारी दिने पद्धति विकास गर्ने, सूचना प्रवाहमा स्थानीय तहका पदाधिकारीलाई जिम्मेवार बनाउनुका साथै स्थानीय आमसञ्चार माध्यमको पहुँच वढाउन प्रोत्साहन गर्ने, कामदारहरूको न्यूनतम सीप विकासका लागि तालिम तथा अभिमूखीकरण सञ्चालन गर्ने, रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीको क्षमता वकास र रोजगार व्यवस्थापन सूचना प्रणाली स्थापना तथा सञ्चालन गर्ने लगायतका प्रयासहरू कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक देखिएका छन् ।

# परिच्छेद १
# मूल्याङ्कनको पृष्ठभूमी

## १.१ पृष्ठभूमी

राष्ट्रिय योजनना आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्यक्रममा विभिन्न विषय क्षेत्रका दशवटा कार्यक्रम तथा आयोजनाको आन्तरिक मूल्याङ्कन गर्ने उल्लेख भए अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम मूल्याङ्कनका लागि छनौट भएको छ । आर्थिक वर्ष २०७५/७६ देखि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वदायी भूमिकामा ७५३ वटै स्थानीय तहमार्फत कार्यान्वयनमा आएको यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि यससँग सम्बन्धित सवाल तथा समस्याहरूको पहिचान गरी सुधारका उपाय अवलम्वन गर्न मूल्याङ्कनबाट पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरिएको छ । देशव्यापी रूपमा कार्यान्वयनमा रहेको यस कार्यक्रमको आन्तरिक मूल्याङ्कनको कार्य कुनै विशेष आयोजनाको जस्तो निर्धारित एक भौगोलिक क्षेत्रमा मात्र सीमित नभई सबै प्रदेश, भौगोलिक क्षेत्र तथा स्थानीय तहको प्रतिनिधित्व हुने गरी छनौट भएका स्थानीय तहहरूबाट विवरण संकलन गरी सम्पन्न गरिएको छ ।

## १.२ विद्यमान समस्या र मूल्याङ्कनको आवश्यकता

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान र सूचीकरण गर्ने र  सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ । यसरी न्यूनतम रोजगारी प्रदान गर्न नसके नेपाल सरकारले हरेक बेरोजगार व्यक्तति रहेको परिवारलाई एक जना श्रमिकले एक सय दिन काम गर्दा प्राप्त गर्ने न्यूनतम पारिश्रमिकको पचास प्रतिशत रकम निर्वाह भत्ता दिनु पर्ने व्यवस्था छ । तसर्थ सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरूमा सहकार्य र समन्वय गरी एकिकृत रूपमा थप आन्तरिक रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता छ । यस्तो अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निर्माण तथा सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरूमा पर्याप्त संख्यामा थप रोजगारी सिर्जना गर्ने गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरूको कार्यान्वयन गर्ने प्रबन्ध गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।

### १.२.१ विद्यमान समस्या

उल्लिखित कार्यक्रम कार्यान्वयनको दुईवटा आर्थिक वर्षहरू समाप्त भइसकेको र तेस्रो आर्थिक वर्षका कार्यक्रम स्थानीय तहबाट सञ्चालन भइरहेका छन् । कार्यान्वयनका दौरानमा सम्बन्धित मन्त्रालय र स्थानीय तहले व्यवहारिक समस्या अनुभूत गरेर सुधार गर्नुपर्ने पक्षको पहिचान गरेको अवस्था छ ।कार्यक्रमसँग सम्बन्धित केही मूख्य समस्या तथा सवालहरू निम्नानुसार छन् ।

- कार्यक्रम कार्यान्वयनका लागि वार्षिक ठूलो परिमाणमा बजेट विनियोजन हुने गरेको र उल्लेख्य परिमाणमा उत्पादनशील रोजगारी सिर्जना हुने अपेक्षा गरिएको तर अपेक्षाकृत मात्रामा रोजगारी सिर्जना हुन नसकेको ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था र निर्देशिका तथा कार्यविधिहरू तयार गरी स्थानीय तहलाई सहजीकरण गरिएको भएतापनि नीतिगत तथा कानुनी प्रावधानहरूको पूर्ण पालना गरी कार्यक्रम सञ्चालन नभएको गुनासो आउने गरेको ।
- संस्थागत तथा सांगठानिक व्यवस्था गरी जनशक्ति तथा भौतिक साधन र सूचना प्रविधि पूर्वाधार तयार भएको तर कार्यक्रमको अपेक्षित लक्ष्य पूरा हुन नसकेको ।
- कतिपय स्थानीय तहहरूले रोजगारमूलक आयोजना सञ्चालन गर्दा असान्दर्भिक र गैर प्रतिफलदायी आयोजना तथा कार्यक्रम सञ्चालन गरेको भन्ने आलोचनात्मक टिप्पणी सञ्चार माध्ययम र सामाजिक सञ्जालहरूमा आउने गरेको ।
- स्थानीय तहले सूचीकृत नभएका व्यक्तिहरूलाई पनि काममा लगाउने र कम दिनको मात्र पारिश्रमिक दिने गरेको गुनासो प्रकट हुने गरेको ।

### १.२.२ मूल्याङ्कनको आवश्यकता र कार्यक्रमसँग तादाम्यता

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०७१/७२ देखि प्रत्येक वर्ष प्राथमिकता प्राप्त र राष्ट्रिय महत्वका कार्यक्रम तथा आयोजनाको आन्तरिक मूल्याङ्कन गर्दै आएको छ । यसै सिलसिलामा आयोगको चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको कार्ययोजनामा आन्तरिक मूल्याङ्कनको प्रयोजनार्थ प्रधानमन्त्री रोजगार कार्यक्रम पनि छनौट गरिएको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि वार्षिक ठूलो मात्रामा बजेट विनियोजन भएको र वृहद परिमाणमा रोजगारी सिर्जना हुने अपेक्षा गरिएको सन्दर्भमा कार्यक्रम कार्यान्वयनको ढाँचा तथा सोबाट परेको असर लगायतका विविध पक्षको मूल्याङ्कन गरी सुधार हेतु नीतिगत उपाय अवलम्बनका लागि आवश्यक पृष्ठपोषण प्राप्त गर्न यस कार्यक्रमको मूल्याङ्कन गर्नु आवश्यक देखिएको छ ।

यो एक राष्ट्रिय प्राथमिकता प्राप्त रूपान्तरणकारी तथा स्थानीय तहसम्म सरकारको उपस्थिति देखाउने नमूना कार्यक्रम (Flagship Program) हो । निम्न वर्गीय वा तल्लो तप्काका जनताको जीविकोपार्जनलाई टेवा पुर्याउई सामाजिक संरक्षणको दायरामा ल्याउन सञ्चालन गरिएको यस कार्यक्रमको सफल कार्यान्वयनबाट छिमेकी मुलुक भारत लगायत अन्य मुलुकहरुमा वर्षेनी

रोजगारीका लागि जाने व्यक्तिहरूको प्रवाह कम गर्न सकिने अपेक्षा गरिएको छ । यसैगरी पन्ध्रौं योजनाले आन्तरिक रोजगारी सिर्जनालाई उच्च प्राथमिकतामा राखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने रणनीति अवलम्वन गरेको छ र प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रम कार्यान्वयनमा ल्याउने कार्यनीति तय गरेको छ। योजना कार्यान्वयनको तेस्रो वर्ष चालु रहेको अवस्था मध्यनजर गरी यस कार्यक्रमको हालसम्मको अवस्थाको आन्तरिक मूल्याङ्कन गर्नु आवश्यक देखिएको छ ।

दिगो विकास लक्ष्य (२०१६-२०३०) को लक्ष्य ८ मा "स्थिर, समावेसी र दीगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने" लक्ष्य रहेको र यससँग सम्बन्धित गन्तव्यहरूमा समेत रोजगारी सम्बन्धी विषय रहेकाले सोको आवधिक मूल्याङ्कनका लागि समेत सहयोगी हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सिर्जना भएका रोजगारीको मूल्याङ्कनका सबै आयामबाट परीक्षण गर्नु सान्दर्भिक भएकाले यस कार्यक्रमलाई आन्तरिक मूल्याङ्कनमा समावेस गर्नु परेको हो ।

यस मूल्याङ्कनले कार्यक्रम कार्यान्वयनका लागि थप सहजता र सहयोग पुग्ने, कार्यक्रम सञ्चालन गर्दा आईपरेको समस्या, चुनौती, अवरोध जस्ता नकारात्मक पक्षहरूको अध्ययन पश्चात त्यस्ता कमजोरीलाई दोहोरिन नदिने र राम्रा तथा सकारात्मक पक्षहरूको अध्ययन र मूल्याङ्कनबाट देखिएका सवल पक्षलाई भविष्यमा आत्मसात गर्दै कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

## १.३ मूल्याङ्कनको उद्देश्य र अपेक्षित नतिजा

### २.३.१ मूल्याङ्कनको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा देखिएका सवल तथा दुर्वल पक्षहरूको मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण प्राप्त गर्नु यस आन्तरिक मूल्याङ्कनको मूख्य उद्देश्य हो । मूल्याङ्कनका अन्य उद्देश्यहरू निम्नानुसार छन् ।

क. कार्यक्रममा विनियोजित बजेट, संलग्न मानवीय संशाधन तथा उपकरण लगायतका स्रोत तथा साधनको प्रयोग तोकिएबमोजिम वा योजना अनुसार भएका छन् वा छैनन् र कार्यक्रमको लक्ष्य अनुसार उपलब्धि हासिल भयो/भएन वा हुने दिशातर्फ उन्मुख छ/छैन सोको मूल्याङ्कन गरी सुधारका पक्षहरू पहिल्याउने ।

ख. कार्यक्रमले लक्षित समूहको आवश्यकता सम्वोधन गरेको छ वा छैन र यसले समेटेको जनसंख्याको समूह उपयुक्त छ वा छैन लगायतका विषयको मूल्याङ्कन गरी कार्यक्रमको सान्दर्भिकता परीक्षण गर्ने ।

ग. यस कार्यक्रमले लिएको लक्ष्य अनुसार कति बेरोजगार व्यक्तिहरूले औषतमा कति समयको रोजगारी प्राप्त गरे, रोजगारी प्राप्त गरेका व्यक्तिहरूको आय आर्जनमा कति वढोत्तरी हुन सक्यो र

कार्यक्रमको प्रभावकारी सञ्चालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्व के के देखिए आदि विषयको मूल्याङ्कन गरी कार्यक्रमको प्रभावकारिता परीक्षण गर्ने ।

घ. कार्यक्रम निर्धारित लागत र समयमा सञ्चालन भएको छ वा छैन्, कार्यक्रमको स्रोत विनियोजन आवश्यकता अनुसार हुन सकेको छ, छैन र विनियोजित बजेटको खर्चको कुशलता कस्तो छ लगायतका विषयका आधारमा कार्यक्रमको कार्यकुशलता मूल्याङ्कन गर्ने ।

**ङ.** कार्यक्रममा स्थानीय बेरोजगार समूहको पहुँचको अवस्था, प्राथमिकता दिनुपर्ने समूहको प्रतिनिधित्व र कार्यक्रमबाट लाभग्राही वर्गका लागि रोजगारी, स्वरोजगारी तथा आय आर्जनमा परेको प्रभाव आदि विषयका आधारमा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने ।

**च.** कार्यक्रमबाट प्रदान गरिने सेवा, स्थानीय तहमा रोजगारीका अवसर, कार्यक्रम सञ्चालन गर्न आर्थिक स्रोत र कार्यक्रम सञ्चालन गर्ने प्राविधिक क्षमता, श्रोत र ज्ञान तथा तालिम आदि विषयको दिगोपनाको मूल्याङ्कन गर्ने ।

### १.३.२ अपेक्षित नतिजा

प्रधानमन्त्री रोजगार कार्यक्रमको आन्तरिक मूल्याङ्कनबाट देहायअनुसारका नतिजाको अपेक्षा गरिएको छ ।

क. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र सम्बोधन गर्नुपर्ने प्रमुख सवालहरूबारे जानकारी प्राप्त हुने ।

ख. कार्यक्रमको लागि परिचालित स्रोत (वित्त, मानव संसाधन, सूचना प्रविधि र भौतिक साधन) पर्याप्तता र तिनिहरूमा गर्नुपर्ने सुधारका पक्ष उजगार हुने।

ग. वित्तीय दृष्टिकोणले कार्यक्रमको दिगोपनका लागि आवश्यक स्रोत परिचालनमा अन्तर निकाय तथा अन्तरसरकार साझेदारी र निजी तथा गैरसरकारी क्षेत्रको सहभागिताको अवस्था जानकारी हुने ।

घ. कार्यक्रम कार्यान्वयनका लागि संघीय सरका, प्रदेश सरकार र स्थानीय सरकार तथा नीजि क्षेत्रसँगको समन्वय र सहकार्यको अवस्था तथा कार्यक्रम सम्बन्धमा बुझाईबारे जानकारी प्राप्त हुने ।

ङ.स्थानीय तहले कार्यक्रमको अपनत्व ग्रहण गरे नगरेको वा लागत सहभागिता जनाएको वा नजनाएको सम्बन्धमा जानकारी प्राप्त हुने ।

च.कार्यक्रम कार्यान्वयनमा विद्यमान ऐन तथा नियमावली कति सान्दर्भिक र प्रभावकारी छन्, सो विषय उजगार भई संशोधन गर्नुपर्ने विषयको पृष्ठपोषण प्राप्त हुने ।

छ.मौजुदा कार्यविधि तथा निर्देशिकामा उल्लिखित विषयहरूले कार्यक्रम कार्यान्वयनमा पारेको सकारात्मक तथा नकारात्मक असर पहिचान भई तिनीहरूमा गर्नपर्ने सुधारका विषयबारे जानकारी प्राप्त हुने ।

ज. आगामी दिनमा थप प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने विषय तथा नीतिगत सुधारका लागि आवश्यक पृष्ठपोषण प्राप्त हुने।

## १.४ मूल्याङ्कनको कार्यक्षेत्र

प्रधानमन्त्री रोजगार कार्यक्रमले लिएका उद्देश्यहरू हासिल गर्न देशका सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना र सञ्चालन गरिएका छन्। हरेक आर्थिक वर्षका लागि संघीय सरकारको विनियोजनबाट वित्त हस्तान्तरण भई स्थानीय तहबाट रोजगारमूलक आयोजना सञ्चालन गरी सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगारी उपलव्ध गराउने लक्ष्य राखिएको छ । यो कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्दा निर्दिष्ट उद्देश्यहरू पूरा भए नभएको र तिनको प्रभावकारीताका सम्बन्धमा विभिन्न स्रोतबाट तथ्यांक संकलन ,स्थलगत अवलोकन, अन्तरक्रिया तथा छलफल गरिएको थियो । मूल्याङ्कनको कार्यक्षेत्र निर्धारण गर्दा पनि निर्दिष्ट उद्देश्यहरू पूरा गर्न आयोजना अन्तर्गतका क्रियाकलापका आधारमा तपसिल बमोजिमका मूलभूत कार्यक्षेत्र निर्धारण गरिएको थियो।

१. कार्यक्रम सम्बन्धमा स्थानीय तहको बुझाई र अपनत्वको अवस्था
२. कार्यक्रम सम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था र सोको प्रभावकारिता
३. कार्यक्रमका लागि स्रोत परिचालनको अवस्था
४. कार्यक्रमका लागि स्थानीय तहले प्राप्त गरेको स्रोतको पर्याप्तता, निकासा, खर्च र लागत साझेदारीको अवस्था
५. बेरोजगार व्यक्तिहरूको सूचीकरण, रोजगारीमा संलग्नता र काममा निरन्तरता वा टिकाउको अवस्था
६. कार्यक्रमबाट बेरोजगार व्यक्तिहरूको आयआर्जन र जीविकोपार्जनमा परेको असर र प्रभाव
७. कार्यक्रम थप प्रभावकारी तवरले सञ्चालन गर्न अपनाउनु पर्ने सुधारका पक्षहरू

आन्तरिक मूल्याङ्कनले यस कार्यक्रमका उल्लिखित कार्यक्षेत्रको अलावा तपसिल अनुसार विषय समेट्ने गरी मूल्याङ्कन गर्ने ध्येय राखेको छ।

**क. कार्यसम्पादन**

- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजित बजेट, मानवीय संशाधन तथा सूचना प्रविधि लगायतका स्रोत तथा साधनको प्रयोग नीति, योजना, निर्देशिका, मार्गदर्शन अनुसार भएका छन्, छैनन् ?
- कार्यक्रमको लक्ष्य अनुसार उपलब्धि हासिल भयो/भएन वा हुने दिशातर्फ उन्मूख छ वा छैन? लक्ष्य अनुसार उपलव्धि नभएको वा हुने नदेखिएको भए त्यसका कारण के के हुन् ?
- कार्यसम्पादनमा सुधार गर्न के कस्ता पहल आवश्यक देखिएका छन् ?

**ख. सान्दर्भिकता**

- कार्यक्रमको सञ्चालन राष्ट्रिय नीति, आवधिक योजना र सरकारको प्राथमिकतासँग तादाम्यता हुनेगरी भएको छ, छैन ?
- कार्यक्रम स्थानीय लक्षित समूहको आवश्यकता अनुसार सञ्चालन भएको हो वा होइन ?
- कार्यक्रमले समेटेको भौगोलिक क्षेत्र र जनसंख्याको समूह उपयुक्त छ वा छैन ?

**ग. प्रभावकारिता**

- कार्यक्रमले लिएको लक्ष्य अनुसार कति बेरोजगार व्यक्तिरूले औषतमा कति समयको रोजगारी प्राप्त गरे ?
- रोजगारी प्राप्त गरेका व्यक्तिहरूको आय आर्जनमा कति वढोत्तरी हुन सक्यो ?
- कार्यक्रमको प्रभावकारी सञ्चालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्व के के हुन् ?

**घ. कार्यदक्षता**

- प्रधानमन्त्री रोजगार कार्यक्रम निर्धारित लागत र समयमा सञ्चालन भएको छ छैन् ?
- कार्यक्रम सञ्चालनको लागत प्रभावकारिता कस्तो छ ?
- कार्यक्रमको स्रोत विनियोजन आवश्यकता अनुसार हुन सकेको छ, छैन ?
- विनियोजित बजेटको खर्चको कार्यकुशलता कस्तो छ ?

**ङ. प्रभाव**

- कार्यक्रममा स्थानीय बेरोजगार समूहको पहुँच कस्तो रहेको छ ?
- कार्यक्रमले प्राथमिकता दिनुपर्ने वर्ग (बेरोजगार महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू लगायतका) लाई समेट्न सकेको छ, छैन ?
- हालसम्म कति व्यक्तिलाई रोजगारी प्रदान गरेको छ ?
- लाभग्राही वर्गका लागि रोजगारी, स्वरोजगारी तथा आय आर्जनमा के कस्तो सकारात्मक प्रभाव परेको वा पर्ने देखिएको छ ?

**च. दिगोपना**

- कार्यक्रमबाट प्रदान गरिने सेवाको दिगोपना कस्तो छ ?
- स्थानीय तहमा रोजगारीका अवसरको दिगोपना कस्तो छ ?
- कार्यक्रम सञ्चालन गर्न आर्थिक श्रोत प्राप्तिको दिगोपना कस्तो छ ?
- कार्यक्रमको सञ्चालन गर्न प्राविधिक क्षमता (मानब श्रोत र ज्ञान तथा तालिम प्राप्त) को दिगोपना कस्तो छ ?

**छ. सुसंगतता**

- आवधिक योजनाको लक्ष्य र प्रधानमन्त्री रोजगार कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धिबीच तालमेल छ वा छैन ?
- कार्यक्रमले लिएका नीतिगत पक्ष विद्यमान कानुन तथा नीतिसँग सामन्जस्य छन् वा छैनन् ?
- कार्यक्रमको लक्ष्य तथा उद्देश्य बार्षिक बजेट र मध्यमकालीन खर्च संरचनासँग तादम्य छ वा छैन ?

## १.५ मूल्याङ्कनका सन्दर्भ सामग्री तथा दस्तावेजहरू

यस मूल्याङ्कन कार्यका लागि मूख्य मार्गदर्शक सामग्रीको रूपमा राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ लाई लिइएको छ । पन्ध्रौं योजनाको दस्तावेजलाई पनि यस मूल्याङ्कन कार्यमा साभार गरिएको छ । यसैगरी राष्ट्रिय रोजगार नीति २०७१,रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५,बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६,रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड २०७५ लगायतका ऐन, नियम, कार्यविधि तथा मार्गदर्शनलाई पनि सन्दर्भ सामग्रीको रूपमा लिइएको छ । यसका अलावा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वेवसाईट र व्यस्थापन सूचना प्रणाली लगायतका माध्यमबाट प्रकाशित विवरण तथा तथ्याङ्क समेत प्रयोग गरिएको छ । छनौटमा परेका स्थानीय तहका प्रकाशनबाट समेत सान्दर्भिक विषयहरू साभार गरिएको छ ।

## १.६ प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय

नेपालको संविधानले अन्य मौलिक हकको अलावा हरेक नेपाली नागरिकलाई रोजगारी र सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । संविधानको धारा ३३ (१)मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भएबमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेका छन । ऐन र नियमावलीका प्रावधान अनुरूप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्दै सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका साथ आ.व. २०७५/७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।यसको सफल कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र अन्य कार्यविधिहरू जारी भएका छन् । यसबाट तीनै तहमा कार्यक्रम कार्यान्वयनको लागि संस्थागत प्रवन्ध गरी सबै गाउँपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन् ।

मूलतः मुलुकभित्र रोजगारीको पर्याप्त अवसर सृजना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्न आर्थिक विकासमा योगदान पुऱ्याउन एवम् न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षणको

व्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमले  देहायका दुई मुख्य रणनीतिक क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

- **कार्यक्रमको दीर्घकालीन सोचः** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच रहेको छ ।
- **कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको मुख्य लक्ष्य हो ।

यस कार्यक्रमले बेरोजगारी, सीप तथा उद्यमशीलताको न्यूनता र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका कार्यक्रम बीच समन्वयको कमीका कारण त्यस्ता कार्यक्रमले अपेक्षित प्रतिफल दिन नसक्दा रोजगारी तथा स्वरोजगारीको अभावमा नागरिकको जीवनस्तरमा सुधार हुन नसक्नुलाई समस्याको रूपमा पहिचान गरी उत्पादनशील रोजगारीमा बृद्धि तथा न्यूनतम रोजगारीक प्रत्याभूति मार्फत सामाजिक संरक्षण प्रवर्द्धनको उपलव्धि प्राप्त गर्ने लक्ष्य राखेको छ ।

## १.६.१ कार्यक्रमको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्ः

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरू बीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सृजना गर्ने ।

(घ) आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्ने ।

## १.६.२ कार्यक्रमको रणनीति

न्यूनतम रोजगारीको सुनिश्चितता र आन्तरिक रोजगारी प्रवर्द्धनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न देहायका रणनीतिहरू अवलम्बन गरिएका छन् :-

(क) स्थानीयस्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरूमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) रोजगारी सृजनाका लागि अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने ।

(ग) सीपमूलक तालिम मार्फत श्रम बजारको माग अनुरूपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।


(घ) तालिम, रोजगार, सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरूको सृजना गर्ने ।

(ङ) रोजगारी सृजनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(च) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रूपमा अद्यावधिक गरी उपयोग गर्ने ।

### १.६.३ कार्यक्रमको कानुनी र संरचनागत व्यवस्था

यस कार्यक्रम सञ्चालनका लागि व्यवस्थित कानुनी संरचनाको रूपमा नेपालको संविधानले उल्लेख गरे अनुसार रोजगारीको हक र सामाजिक सुरक्षाको हकसँग सम्बन्धित कानुनी व्यवस्थालाई लिन सकिन्छ । राष्ट्रिय रोजगार नीति २०७१, रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७५, सामाजिक सुरक्षा ऐन २०७५ तथा नियमावली २०७६, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६, रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड २०७५ लगायतका कानुनी व्यवस्थाले यस कार्यक्रमको सञ्चालनलाई व्यवस्थित गरेको छ । कार्यक्रम सञ्चालनका लागि केन्द्रदेखि स्थानीय तहसम्म संरचनागत व्यवस्था गरिएको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री/राज्यमन्त्रीको अध्यक्षतामा सङ्घीय निर्देशक समिति, प्रदेशको रोजगार विषय हेर्ने मन्त्रालयको मन्त्री/राज्यमन्त्रीको अध्यक्षतामा प्रदेश निर्देशक समिति र सम्बन्धित गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय निर्देशक समिति गठन हुने व्यवस्था भए अनुसार सबै तहमा निर्देशक समितिहरू क्रियाशील छन् । निर्देशक समितिको मूख्य काम नीतिगत विषयमा सिफारिस गर्नु र निर्देशन दिनु रहेको छ । सारांशमा संरचनागत व्यवस्थालाई देहाय अनुसारको उल्लेख गर्न सकिन्छ ।



### १.६.४ कार्यक्रमको कार्यक्षेत्र र लक्षित समूह

प्रधानमन्त्री रोजगार कार्यक्रमको लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुन् । यस कार्यक्रमको कार्य क्षेत्र निम्नानुसार रहेको छ ।

(१) यो कार्यक्रम संघ, प्रदेश र स्थानीय तीनै तहका सार्वजनिक क्षेत्रका कार्यमा संचालन गरिनेछ । यसको कार्यान्वयनमा स्थानीय तहको प्रमुख भूमिका रहनेछ ।

(२) संघीय सरकारका विषयगत मन्त्रालयहरू, प्रदेश सरकारका मन्त्रालयहरू र स्थानीय तहहरू आआफ्नो क्षेत्रभित्र यस कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार हुनेछन् ।

(३) यो कार्यक्रम मुलुकका ७ प्रदेश र ७५३ वटै स्थानीय तहमार्फत संचालन हुनेछ । संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निर्माणका कार्यक्रमहरूमा श्रममूलक प्रविधिको प्रयोगलाई प्राथमिकता दिई बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी उपलब्ध गराइने छ ।

(४) यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरूमा सडक, खानेपानी, ढल व्यवस्थापन, सिंचाईं, ऊर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पूनर्निर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा सहकारी, सूचना प्रविधि, वातावरण संरक्षण तथा जलवायु अनुकुलन वा रोजगार सिर्जना हुन सक्ने अन्य क्षेत्रलाई लिइने छ ।

(५) सार्वजनिक निर्माणका क्षेत्र बाहेक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा समेत सम्बन्धित क्षेत्रसँगको सहकार्यमा रोजगारीको सिर्जना गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्न सकिनेछ ।

यस कार्यक्रमले अघि सारेको परिवर्तनको परिकल्पना बमोजिम सामाजिक संरक्षण प्रदान गर्ने पद्दतिको रुपमा कार्यक्रमका निम्नानुसार विशेषता रहेका छन् ।

- श्रम बजारको नतिजा सूधार गर्ने पद्दति (रोजगार सेवा तथा सुविधाको विस्तार तथा प्रवर्द्धन)
- लाभग्राहीलाई सेवा प्रदान (Beneficiary Satisfaction)
- सामुदायिक आयोजनाको छनौट तथा सञ्चालन पद्दति
- सीप तथा क्षमताको विस्तार
- तथ्याङ्क सङ्कलन तथा प्रशोधन (एकिकृत रोजगार सूचना व्यवस्थापन)
- सीपयुक्त तथा शैक्षिक बेरोजगार व्यक्तिलाई सहयोग र सहायता
- कार्यक्रम सञ्चालनमा सहकार्य तथा समन्वय (Vertical and Horizontal Convergence)
- रोजगार कार्यक्रम सञ्चालनका लागि क्षमता विकास
- नीति अध्ययन तथा कार्यान्वयनका लागि आवश्यक श्रोत र साधनको व्यवस्था

# परिच्छेद २
# मूल्याङ्कन विधि

प्रधानमन्त्री रोजगार कार्यक्रमको आन्तरिक मूल्याङ्कनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ ले मार्गदर्शन गरेका विषय लगायत अन्य केही स्थापित आधार र विधिहरू प्रयोग गरिएको छ । यो कार्यक्रम केवल तीनवटा आर्थिक वर्षहरूमा सञ्चालन भएकाले प्रभाव, असर र दिगोपनालाई भन्दा पनि प्रक्रियागत विषय र कार्यसम्पादनको अवस्थालाई विशेष जोड दिएर गरिएको यो मूल्याङ्कन सिद्धान्ततः कार्यक्रम चालु रहेको अवस्थाको मूल्याङ्कन (Ongoing Evaluation) हो । मूल्याङ्कनको सिलसिलामा छनौट भएका स्थानीय तहमा स्थलगत भ्रमण गरी स्थानीय तहका पदाधिकारी र कर्मचारी तथा रोजगार सेवा केन्द्रका कर्मचारीसँगको अन्तर्वार्ता, रोजगारी प्राप्त गरी काममा संलग्न भएका व्यक्तिसँगको अन्तर्वार्ता, समूहगत छलफल र सन्दर्भ दस्तावेज अध्ययन गरिएको थियो । मूल्याङ्कनको लागि प्राथमिक तथा द्वितीयक दुवै स्रोतका तथ्याङ्क उपयोग गरिएको छ र परिमाणात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) विवरण संकलन गरी विश्लेषण गरिएको छ।

## २.१ प्राथमिक स्रोतका तथ्याङ्क संकलन

### क) नमूना छनौट

प्रधानमन्त्री रोजगार कार्यक्रम लागु भएका स्थानीय तहबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलनका लागि देशका सबै स्थानीय तहलाई छनौट सूची मानी तिनिहरू मध्येबाट प्रतिनिधिमूलक नमूना छनौट गरिएको छ । हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्र र काठमाडौं उपत्यका लगायत यसका आसपासका स्थानीय तहको प्रतिनिधित्व हुनेगरी सातै प्रदेशबाट कुल ३२ वटा स्थानीय तह छनौट गरिएको छ (अनुसूची १) । छनौट गरिएका कुल स्थानीय तह मध्ये २ वटा महानगरपालिका, ३ वटा उपमहानगरपालिका, १४ वटा नगरपालिका र १३ वटा गाउँपालिका रहेका छन् । यसै गरी हिमाली क्षेत्रका ६ वटा, पहाडी क्षेत्रका १२ वटा, तराईका १० वटा, काठमाडौं उपत्यका आसपासका ३ वटा र काठमाडौं उपत्यकाभित्रको एक वटा स्थानीय तह छनौट भएका छन् । यसैगरी वागमती प्रदेश बाहेक सबै प्रदेशबाट चार चार वटा स्थानीय तह छनौट भएका छन् । काठमाडौं उपत्यका र आसपासका स्थानीय तहको समेत प्रतिनिधित्वका लागि वागमती प्रदेशबाट भने आठ वटा स्थानीय तह छनौट गरिएका छन् ।

### ख) तथ्याङ्क सङ्कलन

छनौट भएका स्थानीय तह मध्ये १६ वटामा मूल्याङ्कन समूहका संयोजक तथा सदस्य लगायत अन्य कर्मचारीहरूबाट २०७७ फागुन तथा चैत्र महिनामा स्थलगत भ्रमण गरी तथ्याङ्क तथा विवरण संकलन गरिएको थियो । स्थलगत भ्रमण जारी रहेको अवस्थामा कोभिड-१९ महामारीको दोस्रो लहर शुरू भएकाले भ्रमण स्थगन गरी बाँकी स्थानीय तहसँग टेलिफोन सम्पर्क गरी आवश्यक

विवरण संकलन गरिएको थियो । यसका लागि निम्नानुसार तयार गरिएका ३ प्रकारका प्रश्नावली फाराम तथा एउटा चेकलिष्ट (अनुसूची २) प्रयोग गरिएको थियो।

१. फाराम नं १: प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट विवरण संकलनका लागि ।
२. फाराम नं २: रोजगार सेवा केन्द्रका प्रमुख तथा कर्मचारीबाट विवरण संकलनका लागि ।
३. फाराम नं ३: विगत र यस आर्थिक वर्ष रोजगार प्राप्त गरेका व्यक्तिहरूबाट विवरण संकलनका लागि ।
३. चेकलिष्ट नं १: लक्षित समूह छलफलका लागि ।

यसका साथै भ्रमणका क्रममा तल उल्लेख भएअनुसार समूह केन्द्रित छलफल, स्थलगत अवलोकन र सरोकारवालासँगको अन्तरक्रिया जस्ता गुणात्मक विधिबाट समेत विवरण सङ्कलन गरिएको छ ।

क) जानिफकारसँग अन्तर्वार्ता (Key Informant Interview-KII): जानिफकारसँग सूचना संकलन गर्न हरेक स्थानीय तहका लागि एकै किसिमको चेकलिष्ट तयार गरी सोको आधारमा स्थानीय तहका प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष र रोजगार सेवा केन्द्रका प्रमुखसँग अन्तर्वार्तामार्फत सूचना संकलन गरिएको छ ।
ख) लक्षित समूह छलफल (Focused Group Discussion-FGD): कार्यक्रमका लाभग्राही व्यक्तिहरू, स्थानीय तहका पदाधिकारी तथा सम्बन्धित कर्मचारी, रोजगार सेवा केन्द्रमा दर्ता भएका तर काम पर्खिरहेका व्यक्ति लगायत अन्य सरोकारवालाहरूको बेग्ला बेग्लै वा मिश्रित सहभागितामा छानिएका प्रत्येक स्थानीय तहमा न्यूनतम एक वटा सामूहिक छलफल मार्फत सूचना संकलन गरिएको छ ।
ग) लाभग्राहीसँगको अन्तर्वार्ता (Beneficiary Interview): कार्यक्रमका लाभग्राही व्यक्तिहरू जसले विगत आर्थिक वर्षमा यस कार्यक्रम अन्तर्गत काममा संलग्न भई लाभ प्राप्त गरेका थिए र चालु वर्ष काममा संलग्न छन्, उनीहरूसँग अन्तर्वार्तामार्फत सूचना संकलन गरिएको छ ।
घ) स्थलगत भ्रमण/अवलोकनः सम्बन्धित स्थानीय तहका प्रतिनिधि समेत रहेको समूहबाट रोजगारी प्रदान गर्नका लागि सञ्चालित आयोजना वा कामको स्थलगत अवलोकन गरिएको छ ।

## २.२ द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन

प्रधानमन्त्री रोजगार कार्यक्रमको स्वीकृत वार्षिक कार्यक्रम तथा कार्ययोजना, वार्षिक प्रगति प्रतिवेदन, सम्बन्धित स्थानीय तहका प्रगति प्रतिवेदन, विभिन्न अवधिमा भएका अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू, सम्बन्धित नीति, आवधिक योजना, निर्देशिका, कार्यविधि र ऐन तथा नियमावली लगायत कार्यक्रमसम्बन्धी उपलव्ध दस्तावेज र प्रकाशनहरूको अध्ययन गरी समिक्षा गरिएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग आवश्यक जानकारी तथा विवरणका लागि समन्वय गरी आवश्यक विवरण तथा तथ्याङ्क प्राप्त गरिएको छ। मन्त्रालयको वेवसाइट र व्यवस्थापन सूचना प्रणालीबाट समेत सन्दर्भ सामग्रीहरू साभार गरिएको छ ।

## २.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

प्रश्नावली तथा चेक लिष्ट प्रयोग गरी प्रथमिक स्रोतबाट संकलित तथ्याङ्कको सामान्य इडिटिङ पश्चात आवश्यक स्थानमा कोडिङ गरिएको थियो । परिमाणात्मक तथ्याङ्कलाई MS-Excel मा ईन्ट्रि गरी विश्लेषणका लागि SPSS मा परिणत गरिएको थियो । SPSS Software प्रयोग गरी आवश्यक तालिका तथा ग्राफहरू तयार गर्नुका साथै सूचकहरू निर्माण गरिएको छ । गुणात्मक विवरणका हकमा आवश्यक स्थानमा कोडिङ गरी Ranking र Frequency मापनका आधारमा विश्लेषण गरिएको छ ।

## २.४ मूल्याङ्कनको सीमा

राष्ट्रिय योजना आयोग र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कर्मचारीसमेत संलग्न टोलीबाट यो मूल्याङ्कन कार्य सीमित समय र श्रोत साधनबाट सम्पन्न गरिएको छ । समय र स्रोत तथा जनशक्तिको सीमितताको कारणले सानो परिमाणमा स्थानीय तहहरू नमूनाको रूपमा छनौट गरी स्थलगत भ्रमणमार्फत विवरण संकलन गरिएको छ ।नमूना छनौटमा नपरेका जिल्लाहरूमा कार्यान्वयनका क्रममा देखिएका सवल तथा दुर्वल पक्षका विषयहरू लिन नसक्नु मूल्याङ्कनका प्राविधिक सीमा हुन् । कार्यक्रमसँग सम्बन्धित उपलव्ध हुन नसकेका विवरणहरू समेत यस मूल्याङ्कन कार्यको सीमाभित्र पर्नेछन् । यसैगरी कोभिड-१९ महामारीको दोस्रो लहरका कारणले स्थलगत भ्रमण गर्न नसकिएका स्थानीय तहहरूमा प्राथमिक तथ्याङ्क संकलनका सबै विधि प्रयोग गर्न नसक्नु पनि यस मूल्याङ्कनको सीमा हो । स्थलगत भ्रमण गरी तथ्याङ्क तथा विवरणहरू संकलन गर्न नसकिएका स्थानीय तहहरूमा टेलिफोनमार्फत सम्पर्क गरी विवरण प्राप्त गरिएको छ ।

# परिच्छेद ३

# मूल्याङ्कन र विश्लेषण

प्रधानमन्त्री रोजगार कार्यक्रमको हालसम्मको कार्यान्वयनका सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहेको व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क र स्थलगत भ्रमणमार्फत संकलित विवरणको प्रशोधन गरी मूल्याङ्कन र विश्लेषण गरिएको छ । माथि मूल्याङ्कन विधिमा उल्लिखित विधि अनुसार संकलित विवरणका आधारमा कार्यक्रमको मूल्याङ्कनलाई विभिन्न आयामबाट निम्नानुसार विश्लेषण गरिएको छ ।

## ३.१ कार्यसम्पादन

आर्थिक वर्ष २०७५/७६ देखि आरम्भ भएको यस कार्यक्रमका लागि सूचीकृत मध्ये छनौट भएका कामदारको संख्याका आधारमा बजेट विनियोजन गरी स्थानीय तहलाई हस्तान्तरण गरिएको र अन्य स्रोत साधन तथा संस्थागत र कानुनी व्यस्था गरी कार्यान्वयनका लागि स्थानीय तहलाई जिम्मेवारी प्रदान गरिएको थियो । कार्यक्रम आरम्भ भएको पहिलो वर्ष कानुनी तथा संस्थागत व्यवस्था गर्न समय लागेको र बजेट निकासा हुन ढिलो भएको कारणले कार्यक्रम सञ्चालन अपेक्षित हुन नसकेको देखिएको छ । यसैगरी दोस्रो तथा तेस्रो वर्षमा समेत कोभिड-१९ को कारणले कार्यक्रम कार्यान्वयनमा बाधा परेको अवस्था छ ।

### क) कानुनी र संस्थागत व्यवस्था

प्रधानमन्त्री रोजगार कार्यक्रम देशका सबै स्थानीय तहमार्फत सञ्चालनमा रहेको छ ।कार्यक्रम कार्यान्वयनका लागि ७ वटा कानुनी (ऐन, नियम, निर्देशिका, कार्यविधि, मार्गदर्शन) व्यवस्था गरिएको छ । यसैगरी केन्द्र

देखी स्थानीय तहसम्म संस्थागत र संगठनात्मक व्यवस्था गरिएको छ । संघीय निर्देशक समिति, प्रदेश निर्देशक समिति र स्थानीय निर्देशक समितिहरू गठन भई सक्रीय रहेका छन् । सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भई आवश्यक जनशक्ति परिचालन गरिएको छ । रोजगार सेवा केन्द्रमार्फत बेरोजगार सूचीकरण तथा रोजगारीमा परिचालन हुने गरेको छ ।केन्द्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कार्यक्रमको नीतिगत तथा अनुगमन र मूल्याङ्कन लगायतका विषयमा नेतृत्वदायी भूमिका निभाएको छ ।

### ख) कार्यक्रम कार्यान्वयनको अवस्था

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको व्यवस्थापन सूचना प्रणाली तथा प्रकाशनहरूमा उपलव्ध तथ्याङ्कका आधारमा यस कार्यक्रमको कार्यसम्पादन अवस्था विश्लेषण गरिएको छ । यस अनुसार आर्थिक वर्ष २०७५/७६ मा ६६८ वटा स्थानीय तहमा मात्र अनुदान रकम हस्तान्तरण भएको थियो । आर्थिक वर्ष २०७६/७७ मा ७०१ स्थानीय तहमा अनुदान रकम हस्तान्तरण भएको र यी मध्ये ४९५ (७०.६ प्रतिशत) ले मात्र कार्यक्रम अन्तर्गत रोजगारमूलक आयोजना

सञ्चालन गरेको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७७/७८ को हालसम्मको अवधिमा ५८६ वटा स्थानीय तहमा रकम हस्तान्तरण भई आयोजना सञ्चालन भइरहेका छन् ।


**तालिका १: कार्यक्रम कार्यान्वयन अवस्था**

| विवरण | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अनुदान हस्तान्तरण/निकासा नभएका स्थानीय तह | ८५ | ११.३ | ५२ | ६.९ | १६७ | २२.२ |
| अनुदान हस्तान्तरण भएका स्थानीय तह | ६६८ | ८८.७ | ७०१ | ९३.१ | ५८६ | ७७.८ |
| आयोजना सञ्चालन गरेका स्थानीय तह | – | – | ४९५ | ७०.६ | ६१६ | ८१.८ |
| आयोजना सञ्चालन नगरेका स्थानीय तह | – | – | २०६ | २९.४ | - | - |

स्रोत: व्यवस्थापन सूचना प्रणाली, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७७ ।

देशका सबै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा तोकिएको समयभित्र सूचीकृत हुनुपर्ने प्रावधान अनुसार हरेक वर्ष सूचीकृत हुने व्यक्तिको संख्या बढिरहेको छ। आ.व. २०७५/७ मा १७ लाख एक हजार व्यक्तिहरू सूचीकृत भएकोमा आ.व. २०७६/७७ मा ३ लाख ७० हजार र २०७७/७८ मा ७ लाख ५३ हजार कायम भएको छ । यसैगरी रोजगार प्राप्त गर्ने व्यक्तिको संख्या २०७५/७६ मा १ लाख ७२ हजार र आ.व. २०७६/७७ मा १ लाख ३ हजार रहेकोमा आ.व. २०७७/७८ को हालसम्मको अवधिमा १ लाख १५ हजार नाघेको छ ।

**चित्र १: सूचीकृत बेरोजगार र रोजगारी प्राप्त गर्ने व्यक्तिको विवरण**




माथि उल्लिखित विषयवस्तुको विश्लेषणका आधारमा यस कार्यक्रमको कार्यसम्पदन सन्तोषजनक नरहेको वा मध्यम अवस्थाको रहेको देखिन्छ ।

## ३.२ कार्यक्रमको सान्दर्भिकता


यस कार्यक्रमको सान्दर्भिकतालाई दुई प्रकारले परीक्षण गरिएको छ । पहिलो, बेरोजगार व्यक्तिहरूलाई काम दिएर सोवापतको पारिश्रमिकमार्फत सामाजिक संरक्षणको प्रत्याभूति र दोस्रो, स्थानीय तहले छनौट गरेका आयोजनाहरू श्रममूलक प्रयासबाट सम्पन्न हुने । मुलुकमा बेरोजगारी दर ११ प्रतिशत भन्दा माथि रहेको र समय सम्वद्ध बेरोजगार समेत उच्च रहेको सन्दर्भमा स्थानीय तहहरूले आयोजना सञ्चालन र रोजगारी सिर्जना एकसाथ गर्न सक्ने हुँदा यस कार्यक्रमलाई निकै सान्दर्भिक मानेका छन् । स्थलगत तथ्याङ्क संकलनका क्रममा अधिकांश स्थानीय तहहरूले प्रधानमन्त्री रोजगार कार्यक्रम सान्दर्भिक रहेको र यसका लागि सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको समेत औचित्यता रहेको धारणा व्यक्त गरेका छन् । छनौट भएका कुल स्थानीय तह मध्ये ८१ प्रतिशतले कार्यक्रम आफ्नो स्थानीय तहमा सान्दर्भिक रहेको उल्लेख गरेका छन् भने ६ प्रतिशतले सान्दर्भिक नरहेको र बाँकीले कुनै प्रतिक्रिया नदिएको देखिन्छ ।

### क) रोजगारी सिर्जना र सामाजिक संरक्षण

हरेक वर्ष स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिका लागि न्यूनतम १०० दिनको रोजगारी प्रदान गरी सामाजिक सुरक्षा प्रत्याभूति गर्ने यस कार्यक्रमबाट हालसम्म ४ लाख २५ हजार जना भन्दा धेरैलाई औषत १८ दिनको रोजगारी उपलव्ध भएको छ । हालसम्म तीनवटा वर्षको गरी कुल रोजगारी दिन ४२ लाख ३१ हजार भन्दा धेरै पुगेको छ । शुरुका वर्षमा स्थानीय दररेटका आधारमा र चालु वर्ष देशभरी एउटै दररेटको आधारमा ज्यालावापतको उल्लेख्य रकम बिपन्न

परिवारमा पुगी सामाजिक संरक्षणमा राज्यको उपस्थिति थप विस्तार हुन पुगेको छ । तयारीको कारणले कार्यक्रम शुरू भएको पहिलो वर्ष उपेक्षित उपल्धि नभएको र दोस्रो र तेस्रो वर्ष पनि महामारीका कारण अपेक्षित रोजगारी सिर्जना हुन नसकेको भएतापनि आगामी वर्षहरूमा कार्यान्वयनमा क्रमश: सुधार हुँदै गई थप रोजगारी सिर्जना हुन सक्ने देखिएको र स्थानीय तहहरूले यस कार्यक्रमको अपरिहार्यता महसुर गरी अपनत्व समेत ग्रहण गरेबाट यसको सान्दर्भिकता देखिएको छ ।

**चित्र २: सूचीकृत बेरोजगार संलग्न भएको रोजगारी दिन**




**ख) आयोजना सञ्चालन**

सूचीकृत बेरोजगार व्यक्तिहरूका लागि रोजगारी प्रदान गर्न स्थानीय तहहरूले आफैंले छनौट गरेका आयोजना सञ्चालन गर्दै आएका छन् । उनीहरूले विभिन्न १४ विषय क्षेत्रका आयोजना छनौट गरी सञ्चालन गर्न सक्ने व्यवस्था निर्देशिकाले गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा बेरोजगार सूचिकृत भएका ७०१ स्थानीय तहबाट प्रस्ताव गरिएका ३२ हजार आयोजना मध्ये मापदण्ड पूरा गरेका २१४७१ आयोजना छानिएका थिए । यी मध्ये ४३३५ आयोजना मात्र सञ्चालन भएका थिए । यसैगरी आर्थिक वर्ष २०७७/७८ का लागि स्थानीय तहबाट आयोजना प्रस्ताव गरिएका मध्ये १३०७३ वटा आयोजना कार्यान्वयन भएका छन् । हालसम्म सञ्चालन भएका आयोजनाहरूको विश्लेषण गर्दा ती आयोजना अधिकांश सडक यातायात तथा सामुदायिक पूर्वाधारसँग सम्बन्धित रहेको देखिन्छ । सञ्चालित आयोजनाहरू मध्ये सडक यातायातसँग सम्बन्धित आयोजनाको हिस्सा आ.व. २०७६/७७ र २०७७/७८ मा क्रमश: ४७ र ४८ प्रतिशत रहेको देखिन्छ ।निर्देशिकाले तोकेका १४ प्रकारका आयोजना मध्ये उद्योग सम्बन्धी कुनै कार्यक्रम वा आयोजना सञ्चालन भएको देखिदैन ।

**तालिका २: विषय क्षेत्र अनुसार आयोजना संख्या**

| क्र. सं. | विषय क्षेत्र | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कृषि, सहकारी तथा पशु विकास | ७७ | २.० | २६३ | १.८ |
| २ | उर्जा, सिचाइ तथा नदी नियन्त्रण | ४८६ | ७.९ | १०३२ | ११.२ |
| ३ | खानेपानी तथा सरसफाई | २२१ | ५.७ | ७४६ | ५.१ |
| ४ | वन तथा वातावरण | १३० | १.४ | १८१ | ३.० |
| ५ | पर्यटन प्रवद्र्धन | १७९ | ६.० | ७८४ | ४.१ |
| ६ | सडक यातायात | २०८२ | ४७.३ | ६१९० | ४८.० |
| ७ | शिक्षा, युवा तथा खेलकुद | १६८ | ४.५ | ५८५ | ३.९ |
| ८ | पुनः निर्माण | ११२ | ३.२ | ४१७ | २.६ |
| ९ | सामूदायिक पूर्वाधार निर्माण | ८१० | १९.६ | २५५७ | १८.७ |
| १० | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | ० | ०.० | १ | ०.० |
| ११ | सूचना तथा संचार प्रविधि | ० | ०.० | ४ | ०.० |
| १२ | उद्योग | ० | ०.० | ० | ०.० |
| १३ | स्वास्थ्य | २९ | ०.४ | ५२ | ०.७ |
| १४ | अन्य | ४१ | २.० | २६१ | ०.९ |
| जम्मा | | ४३३५ | १००.० | १३०७३ | १००.० |

स्रोत: व्यवस्थापन सूचना प्रणाली, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७७ ।

## ३.३ कार्यक्रमको प्रभावकारिता

### क) कार्यक्रमको भौतिक प्रगति

प्रभावकारी कार्यान्वयनको अभावमा कार्यक्रम सञ्चालन भएको तीनवटा आर्थिक वर्षरूमा अपेक्षित उपलब्धि भने हासिल हुन सकेको छैन । सूचीकृत भएका सबै व्यक्तिहरूलाई रोजगारी प्रदान गर्नेगरी वित्त स्रोतको परिचालन गर्न सकिएको छैन । आ.व. २०७६/७७ मा सूचीकृत र रोजगारी प्राप्त गर्ने व्यक्तिको अनुपात २८ प्रतिशत रहेकोमा आ.व. २०७७/७८ को हालसम्मको अवधिमा १५ प्रतिशत मात्र रहेको छ । यसैगरी वार्षिक रूपमा रोजगार प्रदान गर्न लक्षित गरिएको संख्या र वास्तविक रूपमा रोजगार प्राप्त व्यक्तिहरूलाई आधार मान्दा आ.व. २०७६/७७ र २०७७/७८ क्रमश: लक्ष्यको १७२.५ र ५७.६ प्रतिशतले प्रगति भएको देखिन्छ। रोजगारी संख्या र जम्मा रोजगारी दिनको आधारमा प्रति व्यक्तिले औषत रोजगार प्राप्त गरेको दिन गणना गर्दा आ.व. २०७५/७६ मा १३ दिन, आ.व. २०७६/७७ मा १६ दिन र आ.व. २०७७/७८ मा २७ दिन मात्र रहेको देखिन्छ । तीन आर्थिक वर्षहरूमा रोजगारी प्रदान गरिएको औषत दिन १८ मात्र हुन आउँछ । यस प्रकार १०० दिनको रोजगारी प्रदान गर्ने लक्ष्य विगतका वर्ष पुरा हुन सकेन र चालु वर्षमा पनि पुरा हुने सम्भावना कम देखिएको छ ।

विगत तथा चालु आर्थिक वर्षमा काममा संलग्न भएका सूचीकृत बेरोजगार व्यक्तिहरूसँग गरिएको अन्तर्वार्ताका आधारमा विश्लेषण गर्दा सबै स्थानीय तहहरूले १०० दिन भन्दा कम मात्र रोजगारीमा संलग्न गराएको देखिन्छ । अधिकतम ६० दिन र न्यूनतम ३ दिनसम्म काम गर्ने व्यक्तिहरू समेत उपलव्ध भएका थिए । छनौट भएका स्थानीय तहले औषतमा २२ दिनको मात्र रोजगारी प्रदान गरेको देखिएको छ । नगर क्षेत्रमा रोजगारीको औषत दिन २० र ग्रामीण क्षेत्रमा २४ रहेको छ ।

**तालिका ३: सूचीकृत बेरोजगारलाई रोजगारी उपलव्ध भएको अवधि**

| **क्षेत्र** | **अधिकतम दिन** | **न्यूनतम दिन** | **औषत दिन** |
|---|---|---|---|
| स्थानीय तह | | | |
| नगरपालिका | ६० | ३ | २० |
| गाउँपालिका | ३२ | १२ | २४ |
| भौगोलिक क्षेत्र | | | |
| हिमाल | २९ | १२ | २१ |
| पहाड | ४५ | ३ | २६ |
| तराई | ६० | ८ | २३ |
| **नेपाल** | **६०** | **३** | **२२** |

स्रोत: स्थलगत तथ्याङ्क संकलन, २०७७ ।

### ख) वित्तीय प्रगति

हालसम्म कुनै आर्थिक वर्षमा पनि यस कार्यक्रम सञ्चालनका लागि विनियोजन भएको रकमको सतप्रतिशत खर्च हुन सकेको देखिदैन । आ.व. २०७६/७७ मा वित्तीय प्रगति ६३.८५ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्ष २०७७/७८ मा हालसम्म विनियोजनको ३९.६७ प्रतिशत मात्र निकासा भएको र निकासाको १९.६९ प्रतिशत मात्र खर्च भएको छ । यस आर्थिक वर्ष कुल

विनियोजनको ८ प्रतिशत हाराहारीमा मात्र खर्च भएको देखिन्छ । चालु आर्थिक वर्षको अवधि बाँकी नै रहेको र भुक्तानि हुन बाँकी रकमको हिसाब प्राप्त भएपछि यो प्रतिशत वढ्न सक्नेछ ।


**तालिका ४: बजेट विनियोजन, निकासा र खर्चको विवरण**

| आर्थिक वर्ष | विनियोजन (रू. लाख) | निकासा (रू. लाख) | खर्च रकम (रू. लाख) | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|
| २०७६/७७ | २७७०० | - | - | - |
| २०७६/७७ | २७०८८ | - | १७८०८ | ६३.८५ |
| २०७७/७८ | ८५०१९ | ३३७३० | ६६४४ | १९.६९ |

स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट, २०७८ ।

स्थानीय तहअनुसार आर्थिक वर्ष २०७६/७७ को विनियोजन र खर्चको अनुपात विश्लेषण गर्दा महानगरपालिका र उपमहानगरपालिकाहरूको औषत वित्तीय प्रगति सन्तोषजनक देखिदैन (क्रमश: २१ प्रतिशत र ४७ प्रतिशत)। तुलनात्मक रूपमा नगरपालिका (८७ प्रतिशत र ८१ प्रतिशत) र गाउँपालिका (क्रमश: २१ प्रतिशत र ४७ प्रतिशत) को प्रगति सन्तोषजनक देखिएको छ ।

**चित्र ३: स्थानीय तह अनुसार वित्तीय प्रगति**




## ग) स्रोत परिचालन

अधिकांश स्थानीय तहमा यो कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति पर्याप्त रहेको पाइयो । छनौट भएका स्थानीय तह मध्ये ६३ प्रतिशतले संलग्न जनशक्ति पर्याप्त रहेको र उनीहरूलाई सान्दर्भिक तालिम तथा अभिमूखीकरण भने आवश्यक रहेको जनाएका छन् । बाँकी ३१ प्रतिशतले जनशक्ति पर्याप्त नभएको प्रतिक्रिया दिएका छन् । केही स्थानीय तहले सूचना

प्रविधि सम्बन्धी जनशक्ति, केहीले प्रशासनिक कर्मचारी र केहीले फिल्ड स्टाफ आवश्यक भएको जनाएका छन् । भौतिक साधनतर्फ ५० प्रतिशत स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक साधन पर्याप्त रहेको र ५० प्रतिशतमा अपर्याप्त रहेको विवरण प्राप्त भएको छ । अपर्याप्तता महसुस गर्ने स्थानीय तहले फर्निचर, कम्प्युटर, सूचना प्रविधि पूर्वाधार, सफ्टवेर आदि सामग्रीको व्यवस्था हुनुपर्ने उल्लेख गरेका छन् । वित्तीय स्रोत परिचालनतर्फ अधिकांश स्थानीय तहहरूले छनौट भएका बेरोजगार व्यक्तिहरूका लागि अनुदान प्राप्त रकम पर्याप्त रहेको तर सबै सूचीकृतलाई काममा लगाउन भने पर्याप्त रकम नभएको बताएका छन् । अनुदान हस्तान्तरणमा खास गरी तीन किसिमका समस्या रहेको व्यहोरारू प्राप्त भएको छ ।

१. न्यूनतम १०० दिन बाँकी नरहने गरी ढिलो निकासा प्राप्त हुने ।


२. पटकपटक गरी निकासा प्राप्त हुने ।

३. लागत साझेदारीका लागि रकम विनियोजन गर्न अप्ठ्यारो हुने गरी निकासा प्राप्त हुने ।

### घ) कार्यक्रमको बारेमा सूचना प्रवाह

काम गर्न इच्छुक बेरोजगार व्यक्तिहरूले हरेक वर्ष रोजगार सेवा केन्द्रमा दर्ता हुनुपर्ने र तोकिएको ज्यालादरमा १०० दिनको रोजगारी प्राप्त हुने लगायतका सूचना सरोकारवालाहरू समक्ष पुग्ने कार्यमा स्थानीय आमसञ्चार माध्यमको उपस्थिति र पहुँच शुन्य देखिएको छ । छनौटमा परेका स्थानीय तहमा अधिकांश व्यक्तिहरूले स्थानीय जनप्रतिनिधि र स्थानीय तहका कार्यालयबाट सूचना तथा जानकारी प्राप्त गरेको देखिन्छ । सम्बन्धित वडा कार्यालय र वडाध्यक्षबाट ३३/३३ प्रतिशत, स्थानीय तहको सूचना पाटीबाट २० प्रतिशत, वडा सचिव र अभिमूखीकरण कार्यक्रममार्फत ७/७ प्रतिशत व्यक्तिहरूले कार्यक्रमबारे जानकारी पाएको देखिएको छ ।


**चित्र ४: कार्यक्रम सम्बन्धमा सूचना तथा जानकारी**




## ङ) कार्यक्रम सम्बन्धी बुझाई

स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूको प्रधानमन्त्री रोजगार कार्यक्रम र यसको उद्देश्य सम्बन्धी बुझाई सम्बन्धमा फरक फरक धारणा रहेको पाइएको छ । अधिकांश व्यक्तिहरूमा यो कार्यक्रम रोजगारी सिर्जनामार्फत सामाजिक सुरक्षाका लागि कार्यान्वयनमा ल्याइएको बुझाई रहेको पाइयो । यो बुझाई हुने स्थानीय तह छनौट भएका कुल तह मध्ये ६२ प्रतिशत रहेको र ३१ प्रतिशतको बुझाई रोजगारी सिर्जना गर्नु रहेको देखिन्छ ।

**चित्र ५: कार्यक्रम सम्बन्धी स्थानीय तहको बुझाई**




## ३.४ कार्यदक्षता

**क) कानुनी प्रवधानको अवलम्बन**

छनौट भएका मध्ये ६३ प्रतिशत स्थानीय तहले प्राप्त नीति, निर्देशन, कार्यविधि र निर्देशिकामा उल्लेख भएअनुसारका प्रावधान पूरा गरेर बेरोजगार सूचीकरण तथा रोजगारी उपलब्ध गराएको देखिन्छ । अन्य स्थानीय तहले सूचीकृत व्यक्ति भन्दा फरक व्यक्तिहरूलाई समेत काममा लगाएको, थोरै दिन मात्र काममा लगाएर स्थानीय ज्यालाको दररेट अनुसार कम वा वढी रकम उपलव्ध गराएको जस्ता निर्देशिका तथा कार्यविधि भन्दा फरक तवरले कार्यक्रम सञ्चालन गरेको देखिएको छ ।कार्यक्रमसँग सम्बन्धित नीति, निर्देशिका तथा कार्यविधिले कार्यक्रम सञ्चालन गर्न कति सहज वा असहज भएको छ र असहज भएमा कुन प्रावधानले व्यवधान गरेको छ भन्ने सम्बन्धमा सोधिएको सवालमा छनौटमा परेका करिव दुई तिहाई स्थानीय तहहरू (६३ प्रतिशत) ले सहज भन्दा धेरै असहज भएको प्रतिक्रिया दिएका छन् । खास गरी हस्तान्तरित रकमको सत प्रतिशत नै ज्यालामा खर्च गर्नु पर्ने प्रवधानले कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने औजार वा उपकरण खरिद गर्न र अन्य भइपरी आउने खर्च पूर्ति गर्न समस्या भएको देखिएको छ ।कार्यविधिमा कामदारका लागि आवश्यक तालिम सञ्चालन गर्ने मार्गदर्शन वा पद्धतिबारे उल्लेख नहुनु, आयोजना छनौटबारे स्पष्ट नहुनु, आयोजनाको कामसँग सीप बेमेल हुँदा पनि सूचीकृत कामदारलाई काममा लगाउनै पर्ने बाध्यता, हरेक वर्ष बेरोजगार सूचीकरण गर्नुपर्ने, बैंक खातामा नै रकम जाने तथा काम सम्पन्न भएपछि मात्र एकमुष्ट रकम भुक्तानि हुने र स्थानीय दररेट भन्दा कम भए पनि तोकिएको ज्याला मात्र उपलव्ध हुने प्रावधानले समस्या भएको विषय धेरै स्थानीय तहले व्यक्त गरेका छन् ।

**ख) सूचना प्रविधि पूर्वाधारको उपयोग**

छनौट भएका अधिकांश स्थानीय तहमा कार्यक्रमसँग सम्बन्धित सूचना प्रविधि पूर्वाधारमा उल्लेख्य समस्या नरहेको पाइयो । समग्रमा ७५ प्रतिशत स्थानीय तहमा सूचना प्रविधिको सञ्चालनमा समस्या नरहेको र २५ प्रतिशतमा सफ्टवेर, नेटवर्किङ, सञ्चालन क्षमताको कमी जस्ता समस्या रहेको देखिएको छ ।

### ग) सीप विकास र तालिम

अन्तर्वार्तामा संलग्न अधिकांश कामदारहरूले रोजगारीमा संलग्न रहँदाको काम आफ्नो सीप र योग्यतासँग नमिलेको र काममा संलग्न हुनुअघि कामसँग सम्वन्धित तालिम प्राप्त नगरेको बताएका छन् । कुल कामदारको ७५ प्रतिशतले संलग्न भएको काम आफ्नो सीप र योग्यतासँग नमिलेको बताएका छन् । यसैगरी ८८ प्रतिशतले काममा संलग्न हुनुअघि सो काम वा आयोजनासँग सम्वन्धित कुनै प्रकारको तालिम प्राप्त नगरेको बताएका छन् ।

### घ) समूहगत कार्य

सूचीकृत बेरोजगार व्यक्तिहरू औषतमा १९ जनाको समूहमा रहेर काममा संलग्न भएको देखिन्छ । उनीहरूले न्यूनतम ५ देखी अधिकतम ५५ जनासम्मको समूहमा रहेर स्थानीय तहले छनौट गरेका आयोजनामा संलग्न रहेका थिए । यो समूहको औषत आकार महानगरपालिकामा १२ जना, उपमहानगरपालिकामा १५ जना, नगरपालिकामा २७ जना र गाउँपालिकामा १३ जना रहेको देखिएको छ ।

### ङ) समान प्रकृतिको रोजगारलक्षित कार्यक्रम

छनौट भएका मध्ये लगभग आधा स्थानीय तहले विभिन्न नाम दिई प्रधानमन्त्री रोजगार कार्यक्रमको जस्तै उद्देश्य र लक्ष्यका साथ बेरोजगार लक्षित कार्यक्रम सञ्चालन गरेका छन् । आफ्नै स्रोत परिचालन गरी सञ्चालनमा रहेका यस्ता कार्यक्रमको मुख्य उद्देश्य रोजगारी सिर्जना गरी लक्षित वर्गको आयआर्जन वृद्धि गर्नु रहेको छ । कुनै स्थानीय तहले उपमेयर लघु उद्यम स्वरोजगार कार्यक्रम, कुनैले गरिवसँग मेयर कार्यक्रम, कुनैले उपमेयर आत्मनिर्भर कार्यक्रम र कुनैले अध्यक्ष स्वरोजगार कार्यक्रम नाम दिएर रोजगारमूलक कार्यक्रम सञ्चालन गरिरहेका छन् । केही प्रदेशहरूमा समेत रोजगार लक्षित कार्यक्रमहरू विविध नाम दिई सञ्चालनमा रहेका छन् ।

## ३.५ प्रभाव

### क) सूचीकृत कामदारले प्राप्त गरेको पारिश्रमिक

रोजगारीमा संलग्न सूचीकृत व्यक्तिहरूले प्राप्त गरेको औषत ज्यालादर यो कार्यक्रम शुरू भएको वर्षबाट चालु आर्थिक वर्षसम्म आउँदा घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा ६४९ रूपैया प्रति दिन रहेको औषत ज्यालादर आर्थिक वर्ष २०७६/७७ मा ५९१ रूपैया प्रति दिन र आर्थिक वर्ष २०७७/७८ मा ५०२ रूपैया प्रति दिन कायम भएको देखिएको छ । यसो हुनुमा

आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा स्थानीय ज्याला दररेट अनुसार पारिश्रमिक उपलव्ध गराइएको र आर्थिक वर्ष २०७७/७८ मा सबै स्थानीय तहका लागि तोकिएको ५१७ रूपैंया प्रति दिन पनि सबै स्थानीय तहले उपलव्ध नगराएको देखिएको छ । तराईका केही स्थानीय तहमा स्थानीय ज्याला दररेट नै ५१७ रूपैंया भन्दा कम भएकाले सो अनुसार मात्र उपलव्ध गराएको देखिएको छ ।

**तालिका ५: संलग्न कामदारले प्राप्त गरेको ज्यालादर**

| स्थानीय तह | प्रति दिन ज्यालादर (रू.) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | |
| | औषत | अधिकतम | न्यूनतम | औषत | अधिकतम | न्यूनतम | औषत | अधिकतम | न्यूनतम |
| नगरपालिका | ६२५ | १००० | ५०० | ६३० | ७२५ | ५०६ | ४९७ | ५१७ | ४५४ |
| गाउँपालिका | ६२१ | ७२५ | ५१७ | ५५२ | ७३५ | ३५० | ५१७ | ५६६ | ४६८ |
| कुल | ६४९ | १००० | ५०० | ५९१ | ७३५ | ३५० | ५०२ | ५६६ | ४५४ |

स्रोत: स्थलगत तथ्याङ्क संकलन, २०७७ ।

### ख) काम गरेको औषत दिन र पारिश्रमिकको पर्याप्तता

छनौट भएका मध्ये एक चौथाई स्थानीय तह (७५ प्रतिशत) ले कार्यविधि वा निर्देशिकाले तोकेअनुसार सूचीकृत बेरोजगार व्यक्तिहरूलाई १०० दिनको रोजगारी उपलव्ध गराएका नै छैनन् । बाँकी मध्ये केहीले थोरै दिन मात्र काममा लगाएर तोकिएको रूज्यालादरले १०० दिन बराबरको हुन आउने रकम उपलव्ध गराएका छन् । तोकिए अनुसार न्यूनतम १०० दिनको रोजगारी नदिनुमा ज्यालादर कम भएकाले कामदारहरूले बीचमै काम छोडेको, कुनै वर्ष १०० दिन बाँकी नरहने गरी जेष्ठ महिनामा रकम निकासा भई आएको, कोरोना महामारीका कारणले पूर्ण समय काममा लगाई आयोजना सम्पन्न गर्न नसकिएको जस्ता कारण उल्लेख गरेका छन् । कतिपय स्थानीय तहले सूचीकरणमा नपरेका व्यक्तिलाई समेत काममा लगाई आयोजना सम्पन्न गर्ने र रकम दामासायीले वितरण गर्ने गरेको समेत देखिएको छ ।


छनौट भएका सूचीकृत व्यक्तिहरूसँग उनीहरूले प्राप्त गरेको दैनिक पारिश्रमिक पर्याप्त भए नभएकोबारे सोधिएकोमा अधिकांश व्यक्तिहरू (८८ प्रतिशत) ले उक्त रकम जीवन निर्वाहका लागि पर्याप्त नभएको र ६ प्रतिशतले पर्याप्त भएको बताएका छन् भने बाँकी ६ प्रतिशलते तटस्थ बिचार व्यक्त गरेका छन् । अधिकांश व्यक्तिहरूले रोजगारी प्राप्त भएको अवधिमा जीवन निर्वाहका लागि सहज भएतापनि अवधि समाप्तिपछि आय विमूख हुनुपर्दा समस्या भएको बताएका छन् ।

### ग) प्राथमिकता दिनुपर्ने समूहको सहभागिता

छनौट भएका स्थानीय तहबाट संकलित विवरणमा आधारित भई स्थानीय तहमा सूचीकृत र रोजगार प्राप्त गरेका व्यक्तिहरूको लैङ्गिक अनुपात तथा उमेर अनुसारको विश्लेषण गरिएको छ । सूचीकृत

व्यक्तिहरूको लैङ्गिक अनुपात आ.व. २०७५/७६ र २०७६/७७ मा क्रमश: ७७ र ८८ रहेको छ । चालु आ.व. मा सूचीकृत व्यक्तिहरूमा पुरूषको संख्या महिलाको भन्दा धेरै देखिएको छ, अर्थात हरेक १०० महिला सूचीकृत हुँदा १०१ पुरूष सूचीकृत भएको अवस्था छ। यसैगरी रोजगारी प्राप्त गरेका व्यक्तिहरूको लैङ्गिक अनुपात आ.व. २०७५/७६ मा १९६ रहेको छ भने आ.व. २०७६/७७ र २०७७/७८ मा क्रमश: १०२ र ९५ रहेको छ ।

**चित्र ६: सूचीकृत र रोजगार प्राप्त व्यक्तिहरूको लैङ्गिक अनुपात**




सूचीकृत बेरोजगार व्यक्तिहरू र रोजगारी प्राप्त गरेका व्यक्तिहरूको उमेर अनुसार विश्लेषण गर्दा दुवैमा युवा अर्थात १८-३९ वर्षका व्यक्तिहरूको आधिक्यता देखिन्छ । छनौटमा परेका स्थानीय तहका हालसम्म सूचीकृत व्यक्तिहरूको ६० प्रतिशत १८-३९ वर्ष उमेरका व्यक्तिहरू रहेका छन् भने बाँकी ४०-५९ वर्ष उमेर समूहका रहेका छन् । रोजगार प्राप्त गर्नेहरूमा पनि १८-३९ वर्षका व्यक्तिहरूको बाहुल्यता देखिन्छ । रोजगार प्राप्त गर्ने कुल व्यक्तिहरूको ७५ प्रतिशत यो उमेर समूहका रहेका छन् ।

**तालिका ६: सूचीकृत र रोजगार प्राप्त व्यक्तिहरूको उमेर समूह अनुसारको विवरण**

| लिङ्ग | सूचीकृत | | रोजगारी प्राप्त | |
|---|---|---|---|---|
| | १८-३९ वर्ष | ४०-५९ वर्ष | १८-३९ वर्ष | ४०-५९वर्ष |
| महिला | ३६८८ | ३७३१ | ७३७ | २१८ |
| पुरूष | ४०४६ | १४५२ | ६३३ | २४२ |
| जम्मा | ७७३४ | ५१८३ | १३७० | ४६० |

स्रोत: स्थलगत तथ्याङ्क संकलन, २०७७ ।

**घ) काममा पुनः संलग्न हुने तत्परता**

विगत र चालु आर्थिक वर्षमा काममा संलग्न भएका अन्तर्वार्तामा समावेस गरिएका व्यक्तिहरूको सत प्रतिशतले नै अवसर पाएमा फेरी पनि यस कार्यक्रमले दिने रोजगारीमा संलग्न हुने इच्छा व्यक्त गरेका छन् । यसका लागि वार्षिकरूपमा दर्ता हुनुपर्ने प्रावधान हटाउनुपर्ने, कामसँग सम्बन्धित तालिम दिनुपर्ने र ज्यालादर बढाउनुपर्ने सुझाव दिएका छन् ।

## ३.६ दिगोपना

**क) वित्त स्रोत र लागत सहभागिता**

यो कार्यक्रम सञ्चालनका लागि मूख्य वित्तीय स्रोत संघीय सरकारले स्थानीय तहलाई अनुदानस्वरूप हस्तान्तरण गरेको रकम हो । छनौट भएका मध्ये आधा भन्दा धेरै स्थानीय तह (५६ प्रतिशत) ले संघीय सरकारबाट प्राप्त रकम कार्यक्रम सञ्चालनका लागि पर्याप्त रहेको बताएका छन् भने बाँकी स्थानीय तहले अपर्याप्तता महसुस गरेका छन् । थोरै मात्र स्थानीय तह (३८ प्रतिशत) ले आफ्नो तर्फबाट समेत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ । स्थानीय तहले कम्तिमा ४ लाखदेखी बढीमा ८४ लाखसम्म आफ्नो तर्फबाट लागत सहभागिता जनाएको देखिएको छ ।यसरी स्थानीय तहको समेत लागत साझेदारी वृद्धि हुँदै गएमा कार्यक्रमको वित्तीय दिगोपन कायम रहन सहयोग पुग्ने देखिन्छ । लागत सहभागिताको हकमा हालसम्म यस कार्यक्रमका लागि प्रदेशको स्रोत परिचालन भएको देखिदैन । यसैगरी निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहभागिता पनि जुट्न सकेको छैन ।

**ख) कार्यक्रमको निरन्तरता र रोजगारीको सम्भाव्यता अध्ययन**

छनौट भएका मध्ये ४३ प्रतिशत स्थानीय तहले संघीय सरकारबाट वित्तीय स्रोत प्राप्त नभएमा पनि यो कार्यक्रम आफ्नै स्रोतबाट सञ्चालन गर्न सक्षम रहेको बताएका छन् । तथापी नीतिगत विषय र अनुगमनका लागि संघीय सरकारको उपस्थिति रहिरहनुपर्ने उनीहरूको धारणा रहेको छ । धेरै स्थानीय तहहरूले भने संघीय सरकारले यस कार्यक्रमका लागि वित्तीय स्रोत हस्तान्तरणलाई निरन्तरता दिइरहनु पर्ने उल्लेख गरेका छन् । करिव ८८ प्रतिशत स्थानीय तहले रोजगारीको सम्भाव्यता अध्ययन गरी रोजगार नीति तथा रणनीति तयार नगरेको देखिएको छ । यस प्रकारको कार्य गर्नुपर्नेबारे जानकारी नभएको, कुनै निकायले निर्देशन र सहजीकरण नगरेको र जनशक्ति अभावका कारण क्षमता नभएकाले रोजगारीको सम्भाव्यता अध्ययन र रोजगार नीति तथा रणनीति तयार नगरेको जवाफ ती स्थानीय तहहरूबाट प्राप्त भएको छ ।

**ग) कार्यक्रमको अपनत्व**

अधिकांश स्थानीय तहहरूको धारणा यस कार्यक्रमको अपनत्व संघीय सरकारले लिनुपर्ने (६९ प्रतिशत) रहेको पाइयो । जबकी स्थानीय तहले अपनत्व ग्रहण गर्नुपर्ने धारणा ३१ प्रतिशतको रहेको र प्रदेशले अपनत्व लिनुपर्ने धारणा राख्ने स्थानीय तहको प्रतिशत शुन्य रहेको पाइयो ।

### घ) काममा निरन्तर संलग्नता वा टिकाउ

छनौट भएका स्थानीय तहमा सूचीकृत भई काममा संलग्न भएका करिव ८ प्रतिशत व्यक्तिहरूले बीचैमा काम छोड्ने गरेको देखिएको छ । अन्य व्यक्तिहरू भने खटाएका पूरा दिन काममा संलग्न भएको देखिन्छ । बीचैमा काम छोड्नुको मूख्य कारण न्युन पारिश्रमिक, सीप र योग्यता अनुसारको काम नहुनु र अन्यत्र काम पाउनु आदि रहेका छन् ।

## ३.७ सुसंगतता

यस कार्यक्रमको सुसंगतताको विश्लेषण कार्यक्रमको लक्ष्य र आवधिक योजनाको लक्ष्य तथा अपेक्षित उपलव्धिबीच तालमेल छ वा छैन, कार्यक्रमले लिएका नीतिगत पक्ष विद्यमान कानुन तथा नीतिसँग सामन्जस्य छन् वा छैनन् र कार्यक्रमको लक्ष्य तथा उद्देश्य बार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचनासँग तादम्य छ वा छैन जस्ता विषयका आधारमा गरिएको छ ।

### क) आवधिक योजनासँग तादम्यता

प्रधानमन्त्री रोजगार कार्यक्रमको लक्ष्य तथा उद्देश्य चालु पन्ध्रौं योजनाले लिएका रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी लक्ष्य तथा अपेक्षित उपलव्धिसँग नजिक रहेका छन् । योजनाले लिएको 'सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलव्धता' सम्बन्धी सोच तथा 'देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसरको विस्तार गर्नु' भन्ने उद्देश्यसँग कार्यक्रमको सोच तथा उद्देश्य 'न्यूनतम रोजगारीमार्फत सामाजिक सुरक्षाको प्रत्याभूति र उत्पादनशील रोजगारी सिर्जना' का बीचमा तादम्यता रहेको देखिन्छ । यसैगरी योजनाको रणनीतिमा स्थानीय तहदेखी रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने उल्लेख भएको र सोही रणनीति अन्तर्गतको कार्यनीतिमा न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ र यहि रणनीति तथा कार्यनीति अनुसार नै कार्यक्रम सञ्चालन भएको देखिन्छ ।योजनाको अपेक्षित उपलव्धिमा उल्लेखित योजना अवधिमा २५ लाख थप रोजगारी सिर्जना भएको हुने विषय रहेको र सो उपलव्धि हासिल गर्नका लागि कार्यक्रमको मूख्य योगदान रहने देखिन्छ ।

### ख) विद्यमान नीति तथा कानुनसँग सामन्जस्यता


संविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र धारा ४३ मा हरेक नागरिकलाई सामाजिक सुरक्षाको हक हुनेछ भन्ने विषय उल्लेख भएबमोजिम सोको कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याइएको हो । संवैधानिक प्रवधानका अलावा यस

कार्यक्रमका नीतिगत विषय तथा प्रावधानहरू राष्ट्रिय रोजगार नीति २०७१ तथा रोजगारीको हक सम्बन्धी ऐन २०७५ र नियमावली २०७५ का नीतिगत विषय तथा मार्गदर्शनसँग धेरै हदसम्म सामन्जस्य देखिएका छन् । राष्ट्रिय रोजगार नीति २०७१ मा विभिन्न क्षेत्रगत नीतिहरूलाई यस नीतिसँग सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गरी सबै नागरिकहरूलाई उत्पानशील रोजगारीका अवसरहरू उपलव्ध गराउने विषय उल्लेख भए अनुसार नै यो कार्यक्रम सञ्चालन भएको देखिन्छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ का प्रावधान अनुरूप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्दै सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका साथ यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । यसको सफल कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र अन्य कार्यविधिहरू जारी भएका छन् ।

### ग) बार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचनासँग तादम्यता

राष्ट्रिय महत्व प्राप्त यस कार्यक्रमको कार्यान्वयनका लागि आर्थिक वर्ष २०७५/७६ देखि हरेक वर्ष बजेट विनियोजन हुँदै आएको छ । कार्यक्रमका लागि अलग्गै बजेट उपशिर्षकसमेत व्यवस्था गरिएको छ । स्थानीय तहबाट कार्यान्वयन हुने यस कार्यक्रमका लागि ठूलो परिमाणमा अनुदानवापतको रकम हस्तान्तरण हुदै आएको छ । हरेक वर्षको बजेट वक्तव्यमा न्यूनतम रोजगारीमार्फत रोजगारीको हक सम्बन्धी सामाजिक सुरक्षाको प्रत्याभूति गरिने विषय उल्लेख हुँदै आएको छ । यसैगरी आर्थिक वर्ष २०७५/७६ देखि हरेक वर्षका मध्यमकालीन खर्च संरचनामा समेत यस कार्यक्रमसँग सम्बन्धित कार्यक्रम तथा बजेट त्रिवर्षीय अनुमानसहित समावेस हुँदै आएको छ ।

**चित्र ७: वार्षिक बजेट विनियोजन**



## परिच्छेद ४

# मूल्याङ्कनबाट प्राप्त नतिजा, प्रमुख समस्या र सवालहरू

### ४.१ मूल्याङ्कनबाट प्राप्त नतिजा

माथि परिच्छेद ३ मा गरिएको मूल्याङ्कन तथा विश्लेषणबाट यस कार्यक्रमका विविध पक्षहरूमा देखिएका नतिजारूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. पर्याप्त कानुनी, संस्थागत र आर्थिक व्यवस्था भएतापनि प्रधानमन्त्री रोजगार कार्यक्रम अपेक्षा अनुसार कार्यान्वयन हुन सकेको छैन । अनुदान रकम हस्तान्तरण भएका मध्ये करिव एक चौथाई स्थानीय तहले यस कार्यक्रम अन्तर्गत रोजगारमूलक आयोजना सञ्चालन नगरेको देखिन्छ।

२. कार्यक्रम आरम्भ भएको पहिलो वर्ष कानुनी तथा संस्थागत व्यवस्था गर्न समय लागेको र बजेट निकासा हुन ढिलो भएको कारणले कार्यक्रम सञ्चालन अपेक्षितरूपमा हुन सकेन । दोस्रो तथा तेस्रो वर्षमा समेत कोभिड-१९ को कारणले कार्यक्रम कार्यान्वयनमा बाधा परेको अवस्था छ ।

३. सूचीकृत हुने बेरोजगार व्यक्तिहरूको संख्या हरेक वर्ष बढिरहेको छ तर स्रोत सीमितता तथा महामारीजन्य परिस्थितिवस अधिक संख्यालाई रोजगारी प्रदान गर्न सकिएको छैन । आ.व. २०७६/७७ मा सूचीकृत भएका व्यक्तिको २८ प्रतिशतलाई र आ.व. २०७७/७८ मा १५ प्रतिशत (हालसम्म) लाई मात्र रोजगारी प्रदान गर्न सकिएको छ ।

४. बेरोजगार व्यक्तिरूलाई काम दिएर सोवापतको पारिश्रमिकमार्फत सामाजिक सुरक्षाको प्रत्याभूति हुने र स्थानीय तहले छनौट गरेका आयोजनाहरू श्रममूलक प्रयासबाट सम्पन्न हुने हुँदा यो कार्यक्रम उत्पादनशील रोजगारी सिर्जनाका लागि सान्दर्भिक देखिएको छ ।

५. यस कार्यक्रमबाट हालसम्म ४ लाख २५ हजार भन्दा धेरै जनालाई औषत १८ दिनको रोजगारी उपलव्ध भएको छ । कोभिड-१९ महामारीका कारण अपेक्षित रोजगारी प्रदान गर्न नसकिएको भएतापनि आगामी वर्षहरूमा कार्यान्वयनमा क्रमश: सुधार हुँदै गई थप रोजगारी सिर्जना हुन सक्ने अवस्था देखिएको छ ।

६. यस कार्यक्रम अन्तर्गत स्थानीय तहले छनौट गरेका अधिकांशत: पूर्वाधार निर्माण र मर्मत (स्थानीय सडक र सामुदायिक पूर्वाधार) सँग सम्बन्धित आयोजना सञ्चालन भएका छन् । उद्योग लगायत अन्य विषय क्षेत्रका आयोजनालाई समेत समेटेर सञ्चालन गर्नुपर्ने देखिन्छ ।

७. कार्यक्रमको हालसम्मको भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक देखिदैन । रोजगारी संख्या र जम्मा रोजगारी दिनको आधारमा प्रति व्यक्ति औषत रोजगार प्राप्त गरेको दिन गणना गर्दा आ.व.

२०७६/७७ मा १६ दिन र आ.व. २०७७/७८ मा २७ दिन मात्र रहेको देखिन्छ । न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने लक्ष्य विगत आर्थिक वर्षहरूमा पुरा हुन सकेन र चालु वर्षमा पनि पुरा हुने सम्भावना कम देखिएको छ ।

८. वित्तीय प्रगतितर्फ हालसम्मका कुनै आर्थिक वर्षमा पनि यस कार्यक्रम सञ्चालनका लागि विनियोजन भएको रकमको सतप्रतिशत खर्च हुन सकेको छैन । आ.व. २०७६/७७ मा वित्तीय प्रगति ६३.८५ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्ष २०७७/७८ मा वैशाखसम्म विनियोजनको आठ प्रतिशत हाराहारीमा मात्र खर्च भएको देखिन्छ । चालु आर्थिक वर्षको अवधि बाँकी नै रहेको र भुक्तानि हुन बाँकी रकमको हिसाब प्राप्त भएपछि यो प्रतिशत वढ्न सक्नेछ । विनियोजन र खर्चको अनुपात हेर्दा ठूला महानगरपालिका र उपमहानगरपालिका भन्दा नगरपालिका र गाउँपालिका तुलनात्मकरूपमा कार्यक्रम कार्यान्वयनमा तत्पर रहेको देखिन्छ ।

९. अधिकांश स्थानीय तहमा यो कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति र भौतिक साधन पर्याप्त रहेको पाइयो । जनशक्ति पर्याप्त नभएका ३१ प्रतिशत स्थानीय तहले सूचना प्रविधि सम्बन्धी जनशक्ति, प्रशासनिक कर्मचारी र फिल्ड स्टाफ लगायतका जनशक्ति आवश्यक भएको जनाएका छन् । भौतिक साधनतर्फ ५० प्रतिशत स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्री पर्याप्त नरहेको विवरण प्राप्त भएको छ । अपर्याप्तता महसुस गर्ने स्थानीय तहले फर्निचर, कम्प्युटर, सूचना प्रविधि पूर्वाधार, सफ्टवेर आदि सामग्रीको व्यवस्था हुनुपर्ने उल्लेख गरेका छन् ।

१०. बेरोजगार सूचीकरण र रोजगारीका अवसर सम्बन्धी सूचना सरोकारवालाहरू समक्ष पुर्याउनमा स्थानीय आमसञ्चार माध्यमको उपस्थिति र पहुँच नगन्य देखिएको छ भने स्थानीय जनप्रतिनिधि र स्थानीय तहका कार्यालयको भूमिका सर्हानीय देखिएको छ ।

११. स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीरूको यस कार्यक्रमको उद्देश्य सम्बन्धी बुझाई सम्बन्धमा फरक फरक धारणा रहेको पाइयो । अझै पनि ३१ प्रतिशत स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूको बुझाई कार्यक्रमको उद्देश्य सामाजिक सुरक्षाको प्रत्याभूति भन्दा पनि रोजगारी सिर्जना गर्नु रहेको देखिन्छ ।

१२. करिव दुई तिहाई स्थानीय तहले विद्यमान नीति, निर्देशन, कार्यविधि र निर्देशिकामा उल्लेख भएअनुसारका प्रावधान पूरा गरेर बेरोजगार सूचीकरण तथा रोजगारी उपलब्ध गराएको देखिन्छ । अन्य स्थानीय तहले सूचीकृत व्यक्ति भन्दा फरक व्यक्तिरूलाई समेत काममा लगाएको, थोरै दिन मात्र काममा लगाएर स्थानीय ज्यालाको दररेट अनुसार वढी रकम उपलव्ध गराएको जस्ता निर्देशिका तथा कार्यविधि भन्दा फरक तवरले कार्यक्रम सञ्चालन गरेको देखिएको छ ।

१३. करिव दुई तिहाई स्थानीय तह (६३ प्रतिशत) ले विद्यमान कार्यविधि र निर्देशिकामा रहेका प्रावधानले कार्यक्रम सञ्चालन गर्न सहज भन्दा धेरै असहज भएको प्रतिक्रिया दिएका छन् । अनुदान रकमको सत प्रतिशत नै ज्यालामा खर्च गर्नुपर्ने हुँदा आवश्यक पर्ने औजार वा उपकरण खरिद गर्न र अन्य भइपरी आउने खर्च पूर्ति गर्न समस्या भएको, आयोजना छनौटबारे अस्पष्टता, आयोजनाको कामसँग सीप बेमेल हुँदा पनि सूचीकृत कामदारलाई काममा लगाउनै पर्ने बाध्यता, हरेक वर्ष बेरोजगार सूचीकरण गर्नुपर्ने, बैंक खातामा नै रकम जाने तथा काम सम्पन्न भएपछि मात्र एकमुष्ट रकम भुक्तानि हुने र स्थानीय दररेट भन्दा कम भए पनि तोकिएको ज्याला मात्र उपलव्ध हुने प्रावधानले समस्या भएको विषय धेरै स्थानीय तहबाट व्यक्त भएका छन् ।

१४. अधिकांश स्थानीय तहमा कार्यक्रमसँग सम्बन्धित सूचना प्रविधि पूर्वाधारमा उल्लेख्य समस्या नरहेको पाइयो । केही स्थानीय तहमा सफ्टवेर, नेटवर्किङ् लगायत सूचना प्रविधि सञ्चालन क्षमताको कमी जस्ता समस्या रहेको देखिएको छ ।

१५. अधिकांश स्थानीय तहमा सूचीकृत कामदारहरूले सम्बन्धित काम आफ्नो सीप र योग्यतासँग नमिलेको र आयोजनमा संलग्न हुनुअघि कामसँग सम्वन्धित तालिम प्राप्त नगरेको देखिएको छ ।

१६. सूचीकृत बेरोजगार व्यक्तिहरू औषतमा १९ जनाको समूहमा रहेर रोजगारमूलक काममा संलग्न भएको देखिएको छ ।

१७. चालु आर्थिक वर्षका लागि देशव्यापीरूपमा प्रति दिन ५१७ रूपैंयाका दरले ज्याला दररेट कायम भएकाले कार्यक्रम शुरू भएको वर्षको तुलनामा पछिल्ला वर्षहरूमा प्रति दिन औषत ज्याला घट्दै गएको देखिन्छ । तोकिएको ज्याला स्थानीय ज्याला दररेट भन्दा अधिकांश स्थानीय तहमा कम भएको र वार्षिक मुद्रास्फितिका कारणले बेरोजगार व्यक्तिले प्राप्त गरेको ज्यालाको प्रभाव कम हुँदै गएको देखिन्छ ।

१८. अधिकांश स्थानीय तहले तोकिए अनुसार सूचीकृत बेरोजगारहरूलाई न्यूनतम १०० दिनको रोजगारी उपलव्ध गराएका छैनन् । यसका पछाडी ज्यालादर कम भएकाले कामदारहरूले बीचमै काम छोडेको, कुनै वर्ष १०० बाँकी नरहने गरी जेष्ठ महिनामा रकम निकासा भई आएको, कोरोना महामारीका कारणले पूर्ण समय काममा लगाई आयोजना सम्पन्न गर्न नसकिएको जस्ता कारण रहेका छन् ।

१९. रोजगार प्राप्त गरेका अधिकांश व्यक्तिहरू (८८ प्रतिशत) ले ज्यालाबापतको रकम जीवन निर्वाहका लागि पर्याप्त नभएको बिचार व्यक्त गरेका छन् ।

२०. सूचीकृत व्यक्तिहरूमा महिला र पुरूषको संख्या लगभग बराबर र कुनै वर्षमा पुरूष भन्दा महिला धेरै भएको तर रोजगारी प्राप्त गरेका व्यक्तिहरूमा पुरूषको बाहुल्यता देखिएको छ ।

२१. सूचीकृत र रोजगार प्राप्त गर्ने व्यक्तिहरूमा १८-३९ वर्षका युवाहरूको आधिक्यता देखिएको छ । ४०-५९ वर्ष उमेर समूहका व्यक्तिहरू पनि उल्लेख्य मात्रामा सूचीकृत भई रोजगारीमा संलग्न भएका छन् ।

२२. विगतमा रोजगारीमा संलग्न भएका सतप्रतिशतले अवसर पाएमा फेरी पनि यस कार्यक्रमले दिने रोजगारीमा संलग्न हुने इच्छा व्यक्त गरेका छन् ।

२३. एक तिहाई भन्दा धेरै स्थानीय तह (३८ प्रतिशत) ले आफ्नो तर्फबाट समेत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालनमा लागत साझेदारी गरेको देखिन्छ । स्थानीय तहको समेत लागत साझेदारी वृद्धि हुँदै गएमा कार्यक्रमको वित्तीय दिगोपन कायम रहन मद्दत पुग्ने देखिन्छ ।

२४. करिव ४३ प्रतिशत स्थानीय तह संघीय सरकारबाट वित्तीय स्रोत प्राप्त नभएमा पनि यो कार्यक्रम आफ्नै स्रोतबाट सञ्चालन गर्न सक्षम रहेको देखिएको छ । अधिकतर स्थानीय तहले भने संघीय सरकारले यस कार्यक्रमका लागि वित्तीय स्रोत हस्तान्तरणलाई निरन्तरता दिइरहनु पर्ने उल्लेख गरेका छन् ।

२५. करिव ८८ प्रतिशत स्थानीय तहले रोजगारीको सम्भाव्यता अध्ययन गरी रोजगार नीति/रणनीति तयार नगरेको देखिएको छ । यस प्रकारको कार्य गर्नुपर्नेबारे जानकारी नभएको, कुनै निकायले निर्देशन र सहजीकरण नगरेको र जनशक्ति अभावका कारण क्षमता नभएकाले रोजगारीको सम्भाव्यता अध्ययन र रोजगार नीति/रणनीति तयार नगरेको देखिएको छ।

२६. अधिकांश स्थानीय तहले यस कार्यक्रमको अपनत्व संघीय सरकारले लिनुपर्ने (६९ प्रतिशत) वताएका छन् । स्थानीय तहले अपनत्व ग्रहण गर्नुपर्ने धारणा करिव एक तिहाईको रहेको छ भने प्रदेशले अपनत्व लिनुपर्ने धारणा राख्ने स्थानीय तहको संख्या शुन्यप्राय: रहेको छ ।

२७. सीप र योग्यता अनुसारको काम नहुनु, न्युन पारिश्रमिक र अन्यत्र काम पाउनु लगायतका कारणले करिव ८ प्रतिशत व्यक्तिहरूले बीचैमा काम छोड्ने गरेको देखिएको छ ।

२८. करिव ५० प्रतिशत स्थानीय तहले विशेष नाम दिई बेरोजगार लक्षित तथा स्वरोजगार सिर्जनाका कार्यक्रम सञ्चालन गरेका छन् ।

२९. कतिपय स्थानीय तहमा रोजगार संयोजक तथा प्राविधिक सहायकको नियुक्ति हुन नसकेको र र नियुक्ति भएका कर्मचारीको क्षमता विकास हुन नसकेको ।

### ४.२ समस्याहरू

प्रधानमन्त्री रोजगार कार्यक्रमको आन्तरिक मूल्याङ्कनका क्रममा प्राथमिक तथा द्वितीयक स्रोतका तथ्याङ्क विश्लेषणबाट देखिएका समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ । यी समस्याहरू खास गरी प्रश्नावलीमार्फत प्राप्त भएका विवरण, लक्षित समूह छलफल तथा सरोकारवालासँग गरिएको अन्तरक्रिया, दस्तावेज अध्ययन, मन्त्रालयबाट प्राप्त तथ्याङ्क तथा विवरण र स्थलगत अवलोकनबाट देखिएका विषयहरूका आधारमा उल्लेख गरिएको छ ।

१. सबै स्थानीय तहमा एउटै ज्याला दररेट कायम हुँदा कार्यक्रम कार्यान्वयनमा जटिलता देखिएको ।धेरैजसो तहमा स्थानीय ज्यालादर भन्दा न्यून भएकाले काममा लगाउन समस्या परेको ।
२. सामाजिक संरक्षणमूलक कार्यक्रमको आयोजना सञ्चालनमा शतप्रतिशत ज्यालामा मात्र बजेट व्यवस्था हुँदा उचित तालमेल नभएको । औजार तथा निर्माण सामग्रीका लागि बजेट विनियोजन नभएका आयोजना कार्यन्वयन गर्नुपर्दा समस्या भएको ।
३. लागत साझेदारीको निश्चित ढाँचा नभएको। स्थानीय तहले कति र कुन समयमा साझेदारीबावतको रकम विनियोजन गर्नुपर्ने हो कार्यविधिले स्पष्ट नगरेको ।
४. सूचिकृत बेरोजगार आयोजना कार्यान्वयनको समयमा उपलव्ध नहुने र नयाँ विपन्न बेरोजगारले तत्काल निवेदन दिन नसक्ने (प्रत्येक वर्ष फागुनमा मात्र निवेदन दिने व्यवस्था) प्रावधानले आयोजना सम्पन्न नहुने र प्रगति न्युन हुने गरेको।
५. सूचीकृत र प्रक्रिया पूरा भएका व्यक्तिको संख्याको आधारमा मात्र बजेट बाँडफाँट गर्दा छुट भएका विपन्न परिवारलाई न्याय नभएको ।
६. श्रमप्रधान आयोजनाको लागत अनुमान तथा मूल्यांकनका छुट्टै मापदण्ड नहुँदा लागत अनुमान तथा मूल्यांकन तयार गर्न समस्या भएको ।
७. नीतिगत विषय र कार्यक्रम कार्यान्वयनको सम्पूर्ण कार्य मन्त्रालयबाट हेर्दा प्रभावकारी नदेखिएको ।
८. बेरोजगार व्यक्तिलाई मासिक रूपमा वा आयोजना सम्पन्न पश्चात मात्र ज्याला भुक्तानी दिदा न्यायसंगत नभएको ।
९. बैङ्किङ पहुँच विस्तार नभएका स्थानमा ज्याला भुक्तानी प्राप्त गर्न काममा संलग्न बेरोजगार व्यक्तिहरूले कठीनाई भोग्नुपरेको ।
१०. कतिपय स्थानीय तहमा रोजगार संयोजकको नियुक्ती हुन नसकेको वा ढिलो मात्र नियुक्ती गर्ने प्रक्रिया थालनी गरेको ।
११. रोजगार सेवा केन्द्रका कर्मचारीको क्षमता विकास नहुँदा आयोजना सञ्चालनको प्रक्रियामा असर परेको । करार सेवाबाट लिइएका कर्मचारीले जुनसुकै बेलामा काम छोड्न सक्ने हुँदा कार्यक्रम सञ्चालनमा वाधा परेको ।

माथि उल्लिखितका अलावा स्थलगत तथ्याङ्क संकलनका क्रममा सरोकारवालाले राखेका विचार र अन्य पक्षहरूको विश्लेषणसमेतका आधारमा निम्नानुसारका समस्याहरूसमेत देखिएका छन् ।

१२. कुनै वर्ष अनुदान रकमको निकासा ढिलो आउने र कुनै वर्ष पटकेरूपमा आउने गर्दा आयोजना सञ्चालन र रोजगार प्रदान गर्न कठीनाई भएको ।

१३. कोभिड-१९ महामारीको कारणले कार्यक्रम कार्यान्वयनमा समस्या परेको । परिणामस्वरूप आयोजनाहरू सम्पन्न नहुने र बेरोजगारहरूले बीचमै काम छोड्नुपर्ने वा शुरू नै गर्न नपाउने अवस्था सिर्जना भएको ।

१४. पूर्वाधारको पर्याप्त विकास भएका केहि स्थानीय तहमा निर्देशिका तथा कार्यविधिले तोकेका विषय क्षेत्रगत आयोजना उपयुक्त नभएको । कार्यविधिमा आयोजना बैङ्कको अवधारणा भएतापनि सो कार्यान्वयनको लागि कुनै प्रक्रिया तथा मार्गनिर्देशन उपलव्ध नभएको वा स्थानीय तहले जानकारी नै प्राप्त नगरेको।

१५. कतिपय स्थानीय तहमै नीजि क्षेत्र वा निर्माण व्यावसायिबाट सञ्चालनमा रहेका आयोजनाका अदक्ष कामदार आवश्यक पर्ने क्षेत्र विदेशी संलग्न हुने गरेको तर नेपाली बेरोजगार व्यक्तिहरु कामबाट बिमुख हुने गरेको ।

१६. सूचीकृत हुने बेरोजगार व्यक्तिहरूको संख्या हरेक वर्ष बढिरहेको छ तर स्रोत सीमितताका कारण सबैलाई रोजगारी प्रदान गर्न नसकिएको ।

१७. केही स्थानीय तहहरूमा जनशक्ति र भौतिक साधन पर्याप्त नभएको र कतिपय स्थानीय तहमा सूचना प्रविधि पूर्वाधारको अभाव रहेको

१८. कार्यक्रम सम्बन्धी सूचना प्रवाह प्रभावकारी हुन नसकेको । बेरोजगार सूचीकरण र रोजगारीका अवसर सम्बन्धी सूचना सरोकारवालारू समक्ष पुर्याउन स्थानीय आमसञ्चार माध्यमको उपस्थिति र पहुँच नगन्य रहेको।

१९. रोजगार सेवा केन्द्रबाट रोजगारमूलक सेवा, सुविधा र सहायता प्राप्त हुन नसकेको र रोजगार प्रवर्द्धनकारी सेवाको सञ्चालन नभएको । विभिन्न निकायबाट उपलव्ध हुने रोजगारसम्बद्ध सेवा तथा सुविधाको विस्तार रोजगार सेवा केन्द्रसम्म पुग्न नसकेको ।

२०. कामदारहरूको सीप र योग्यतासँग छनौट भएका आयोजनाको तालमेल नमिलेको र कामसँग सम्बन्धित तालिमको अभाव रहेको । कामदारहरू आयोजना स्थलसम्म आवतजावतका लागि परिवहन सुविधाको अभाव रहेको ।

२१. कतिपय स्थानीय तहमा सूचीकृत र छानिएका व्यक्ति भन्दा फरक वा खेताला कामदार संलग्न हुने गरेको । बेरोजगार व्यक्तिको विवरण फर्जि पत्ता लागे पनि सो विवरणलाई संसोधन गर्ने नगरिएको ।

२२. रणनीतिक समयमा हुनुपर्ने सञ्चारका क्रियाकलापहरु प्रभावकारी नहुँदा अतिविपन्न व्यक्तिले समेत कार्यक्रमको सम्बन्धमा जानकारी प्राप्त गर्न नसकेको । श्रमको सम्मानका अभियान तथा सञ्चार सम्बन्धी कुनै पनि क्रियाकलाप सञ्चालन नभएको ।

२३. हरेक वर्ष सूचीकृत हुनका लागि बेरोजगार व्यक्तिहरूले कागजात जुटाउन र फाराम भर्न झन्झट हुने गरेको र अनलाइन फाराम भर्न कुनै निकायबाट सहजीकरण हुने नगरेको ।

२४. कतिपय स्थानीय तहमा बेरोजगार व्यक्तिको आवेदनमा कुनै छानविन नगरी सिधै कार्यपालिकामा पेश गरी निर्णय गर्ने गरिएको । रोजगार प्राप्त नगर्दा पनि हुने व्यक्तिले विवरण

मिलाएर सूचीकरणमा पर्न सक्ने तर रोजगारी अत्यावश्यक भएको बेरोजगार व्यक्तिले सूचीकरण हुँदा आफ्नो विवरण राम्रोसँग भर्न नसक्ने कारणले अवसरबाट विमूख हुने गरेको।

२५. शैक्षिक बेरोजगार र सीपयुक्त बेरोजगार व्यक्तिहरूलाई समेट्ने प्रावधान न्युन रहेको ।

२६. कतिपय स्थानीय तहले कार्यक्रमको अपनत्व लिन नरूचाहेको र संघीय सरकारको कार्यक्रमको रूपमा लिने गरेको ।

२७. तराई क्षेत्रमा नागरिकताबाट बञ्चित बेरोजगार नेपालीहरू सूचीकृत हुन नसकेको ।

२८. कार्यक्रम कार्यान्वयनमा प्रदेशको उपस्थिति नगन्य रहेको र स्थानीय तहको लागत साझेदारी तथा समन्वय न्यून रहेको । कतिपय स्थानीय तहले अनुदान रकम रकमान्तर गरी अन्य प्रयोजनमा खर्च गर्ने गरेको ।

२९. स्थानीय तहमा  रोजगार सूचना व्यवस्थापन प्रणाली व्यवस्थित हुन नसक्दा तथ्याङ्क संकलन नियमित हुन नसकेको,स्थानीय तहमा श्रमबजारको माग तथा आपूर्तिको अन्तरविश्लेषण हुन नसकेको र निजी क्षेत्र तथा अन्य सरकारी/गैरसरकारी संस्था तथा निकायले उपलव्ध गराउने सेवा तथा सुविधाको तथ्याङ्क व्यवस्थापन हुन नसकेको । हाल विद्यमान रिपोर्टिङ्ग मोड्युलले सबै तथ्याङ्कहरु प्रशोधन र प्रकाशन गर्ने नगरेको ।

३०. प्रदेश र स्थानीय निर्देशक समितिहरुको कार्य प्रभावकारी नदेखिएको । प्रदेशको निर्देशक समितिको बैठक नै नबसेको । तीनै तहको रोजगार सम्वाद मञ्चको सञ्चालन हुन नसकेको ।

## ४.३ प्रमुख सवालहरू

१. अनुदान हस्तान्तरण भएका तर कार्यक्रम सञ्चालन नगरेका स्थानीय तह तथा कार्यविधि र निर्देशिकाको पूर्ण पालना नगरी कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहलाई नियमसंगत ढंगले कार्यक्रम सञ्चालनका लागि उत्प्रेरित गरी भौतिक तथा वित्तीय प्रगतिमा वृद्धि।

२. देशव्यापीरूपमा तोकिएको एकल ज्यालादर र स्थानीय तहको ज्याला दररेटसँग सामन्जस्यता तथा मुद्रास्फितिको आधारमा समेत समायोजन गरी उचीत ज्यालादर निर्धारण ।

३. हाल औषतमा १८ दिन मात्र रोजगारी प्रदान हुँदै आएकोले कार्यान्वयनमा उल्लेख्य सुधार गरी तोकिए बमोजिम रोजगारको अवधि १०० दिन पुर्याउने ।

४. हस्तान्तरित अनुदान रकममा स्थानीय तहको लागत साझेदारी समेत जुटाई पारिश्रमिक, औजार तथा उपकरण र यातायात खर्च लगायतका भैपरी आउने खर्चको व्यवस्थापन ।

५. श्रममूलक तथा कम सिपयुक्त कामदारबाट सञ्चालन हुने आयोजनाको लागत अनुमान अन्य आयोजनाको लागत अनुमान र सार्वजनिक खरिद कानुनसँग सामन्जस्यता कायम गर्ने ।

६. छनौट भएका आयोजनाहरू वढि मात्रामा पूर्वाधार निर्माण र मर्मत (स्थानीय सडक र सामुदायिक पूर्वाधार) सँग सम्बन्धित भएकाले उद्योग लगायत अन्य विषय क्षेत्रका आयोजनालाई समेत समेटेर आयोजना विविधिकरण ।

७. गरिबी परिचयपत्र तथा मानव विकास सूचकांकसँग आवद्ध गरी बेरोजगार सूचीकरण कार्यलाई यथार्थ र प्रभावकारी बनाउने ।

८. कार्यविधि तथा निर्देशिकामा भएका प्रावधान तथा समय समयमा परिवर्तन हुने नीतिगत तथा व्यवहारिक परिवर्तन सम्वन्धमा रोजगार संयोजक तथा स्थानीय तहका निर्वाचित पदाधिकारीहरूलाई अद्यावधिक जानकारी गराउने ।

९. गलत विवरण भरेर सूचीकृत हुने कार्यलाई निरूत्साहित गरी सुविधा पाउनुपर्ने वर्गको अधिकार सुनिश्चित गर्न सूचीकरण पद्धतिमा सुधार ।

१०. सूचीकृत भएका अधिकतम व्यक्तिलाई रोजगारी प्रदान गर्न वित्तीय स्रोतको दिगो सुनिश्चितताका लागि प्रदेश र स्थानीय तह तथा निजी क्षेत्रको स्रोत परिचालन ।

११. रोजगार सेवा केन्द्रका कर्मचारीको क्षमता विकास तथा काममा टिकाउका लागि आवश्यक प्रोत्साहनको व्यवस्था।

१२. रोजगार सूचना व्यवस्थापन प्रणालीको व्यवस्थित सञ्चालन तथा रोजगार सम्बन्धी सेवा तथा सुविधाको सामयिक तथ्याङ्क व्यवस्थापन (Real time data management)।

१३. प्रदेश र स्थानीय निर्देशक समितिको क्रियाशीलता तथा तीनै तहको रोजगार सम्वाद मञ्चको प्रभावकारी सञ्चालन ।

१४. कतिपय प्रदेश र स्थानीय तहमा समेत यस्तै प्रकृतिका र समान उद्देश्य लिएका कार्यक्रम सञ्चालनमा रहेको र कार्यान्वयन हुने क्षेत्र तथा लक्षित समूहसमेत एउटै रहेकाले स्रोतको दुरुपयोग रोक्न दोहोरोपन हटाउने ।

१५. स्थानीय तहका पदाधिकारी र संलग्न कर्मचारीहरूमा उच्च नैतिक दायित्व बोध गराई कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन गर्ने ।

# परिच्छेद ५

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका सबै स्थानीय तहको प्रतिनिधमूलक नमूना छनौट गरी गरिएको आन्तरिक मूल्याङ्कनबाट यस कार्यक्रमले अपेक्षित नतिजा हासिल गर्नका लागि थप प्रयास गर्नुपर्ने देखिएको छ । कार्यक्रम सञ्चालनको तीन वर्ष पूरा हुन लागेको भएतापनि यसको कार्यान्वयनमा लक्षित प्रगति हासिल हुन सकेको देखिदैंन । सूचीकृत बेरोजगारको संख्याका आधारमा अनुदान रकम हस्तान्तरण गरिए पनि कतिपय स्थानीय तहले रोजगारमूलक आयोजना सञ्चालन नै गरेका छैनन् । वृहद परिमाणमा उत्पादनशील रोजगारी सिर्जना हुने अपेक्षा गरिएको यो कार्यक्रम कार्यान्वयनको ढाँचा तथा सोबाट परेको असर लगायतका विविध पक्षको मूल्याङ्कन गरी कार्यक्रममा आवश्यक सुधार गर्न नीतिगत उपाय अवलम्बनका लागि आवश्यक पृष्ठपोषण प्राप्त गर्ने अभिप्रायले गरिएको यस मूल्याङ्कनबाट कार्यक्रमको हालसम्मको भौतिक र वित्तीय प्रगति सन्तोषजनक नरहेको देखिएको छ । अधिकांश स्थानीय तहले सूचीकृत बेरोजगारलाई लक्षित न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्न सकेका छैनन् । तीनवटा आर्थिक वर्षहरूको गरी हालसम्म औषत १८ दिनको मात्र रोजगारी प्रदान गरेको देखिएको छ ।

कार्यक्रम सञ्चालनका लागि पर्याप्त कानुनी आधार रहे तापनि कोभिड-१९ को प्रभावका कारण कार्यक्रमले अपेक्षित नतिजा प्राप्त गर्न सकेको छैन । आ.व. २०७५/७६ को अन्तिम दुई महिनामा मात्र आयोजना सञ्चालनका अनुदान रकम उपलव्ध भएको र सो कार्यान्वयन प्रभावकारी नहुँदा आ.व. २०७६/७७ मा कार्यविधीमा व्यापक परिमार्जन गरिएको थियो। तर बजेटको निकाशा ढिलो हुँदा तथा आवश्यक पर्ने रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग तेश्रो चौमासिकबाट मात्रै सुरु भएको एवम् कोभिड-१९ का कारण जारी निशेधाज्ञाबाट कार्यक्रम सञ्चालन कठिन भएको थियो। आ.व. २०७७/७८ मा कार्यक्रमको अनुदान ज्यालामा मात्रै प्रयोग गर्नु पर्ने प्रावधानका कारण कार्यक्रमले कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गरी रोजगारी दिने क्रियाकलापमा थप चुनौति देखा परेको छ । राष्ट्रियरुपमा समाज ज्याला कायम गरिदा उच्च पहाडी तथा हिमाली क्षेत्रमा ज्यालाको रकमबाट परिवारको सामान्य जीवननिर्वाह गर्न समेत अभाव हुने हुँदा कार्यक्रममा विपन्न बेरोजगार व्यक्तिले समेत न्यूनतम रोजगारीमा संलग्न हुन अनिच्छा देखाएको पाइन्छ ।

सूचीकृत हुने बेरोजगार व्यक्तिहरूको संख्या हरेक वर्ष वढिरहेको छ तर स्रोत सीमितता तथा महामारीजन्य परिस्थितिवस अधिक संख्यालाई रोजगारी प्रदान गर्न सकिएको छैन ।

बेरोजगार व्यक्तिहरूलाई काममा लगाएर सोवापतको पारिश्रमिकमार्फत सामाजिक सुरक्षाको प्रत्याभूति हुने र स्थानीय तहले छनौट गरेका आयोजनाहरू श्रममूलक प्रयासबाट सम्पन्न हुने हुँदा यो कार्यक्रम उत्पादनशील रोजगारी सिर्जनाका लागि सान्दर्भिक देखिएको छ । यस कार्यक्रमबाट हालसम्म ४ लाख २५ हजार भन्दा धेरै जनालाई रोजगारी उपलव्ध भएको छ । अधिकांश स्थानीय तहमा यो

कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने सूचना प्रविधि पूर्वाधार, जनशक्ति र भौतिक साधन पर्याप्त रहेको छ । नीति, कानुन, कार्यविधि र निर्देशिकाहरू तयार गरिएका छन् र संस्थागत तथा सांगठानिक व्यवस्था समेत भएको छ ।

यस मूल्याङ्कनले प्रधानमन्त्री रोजगार कार्यक्रमका अन्तरनिहित समस्या तथा सवालहरू पनि पहिचान गरेको छ । सबै स्थानीय तहमा एउटै ज्याला दररेट कायम हुँदा कार्यक्रम कार्यान्वयनमा जटिलता देखिएको, योजना सञ्चालनमा शतप्रतिशत ज्यालामा मात्र बजेट व्यवस्था हुँदा निर्माण सामग्री र उपकरणका लागि बजेट विनियोजन नभएका आयोजना कार्यन्वयन गर्नुपर्दा समस्या भएको, लागत साझेदारीको निश्चित ढाँचा नभएको, सूचिकृत बेरोजगार आयोजना कार्यान्वयनको समयमा उपलव्ध नहुने र नयाँ विपन्न बेरोजगारले निवेदन दिन नसक्ने (प्रत्येक वर्ष फागुनमा मात्र निवेदन दिने व्यवस्था) प्रावधानले आयोजना सम्पन्न नहुने र प्रगति न्युन हुने अवस्था रहेको, छुट्टै मापदण्ड नहुँदा लागत अनुमान तथा मूल्यांकन तयार गर्न समस्या परेको, नीतिगत विषय र कार्यक्रम कार्यान्वयनको सम्पूर्ण कार्य मन्त्रालयबाट हेर्दा प्रभावकारी नदेखिएको, विपन्नलाई मासिक रूपमा वा आयोजना सम्पन्न पश्चात मात्र ज्याला भुक्तानी दिदा न्यायसंगत नभएको, बैङ्क पहुँच विस्तार नभएका स्थानमा ज्याला भुक्तानी प्राप्त गर्न बेरोजगार व्यक्तिहरूले कठीनाई भोग्नुपरेको लगायतका समस्या देखिएका छन्।

अनुदान हस्तान्तरण भएका तर कार्यक्रम सञ्चालन नगरेका स्थानीय तहलाई नियमसंगत ढंगले कार्यक्रम सञ्चालनका लागि उत्प्रेरित गरी भौतिक तथा वित्तीय प्रगति वढाउने, देशव्यापीरूपमा तोकिएको एकल ज्यालादर र स्थानीय तहको ज्याला दररेटसँग सामन्जस्यता तथा मुद्रास्फितिको आधारमा समेत समायोजन गरी उचीत ज्यालादर निर्धारण, औषतमा १८ दिन मात्र रोजगारी प्रदान हुँदै आएकोमा सो अवधि वढाई १०० दिन पुर्याउने, स्थानीय तहको लागत साझेदारी परिचालन गर्ने, पूर्वाधार निर्माण र मर्मतसँग सम्बन्धित आयोजनाको बाहुल्यता रहेकोमा अन्य आयोजना समेत समेटेर विविधिकरण गर्ने, गरिबी परिचयपत्र तथा मानव विकास सूचकांकसँग आवद्ध गरी बेरोजगार सूचीकरण कार्यलाई यथार्थ र प्रभावकारी बनाउने, सूचीकृत भएका अधिकतम व्यक्तिलाई रोजगारी प्रदान गर्न वित्तीय स्रोतको दिगो सुनिश्चितता लगायतका सवाल तथा चुनौतिहरू यस मूल्याङ्कनबाट देखिएका छन् । यसैगरी कार्यक्रमका नीतिगत विषयमा मन्त्रालयको निर्णयमा अन्य निकायको अनावश्यक हस्तक्षेपलाई निरूत्साहित गर्ने, प्रदेश र स्थानीय तहमा समेत रहेका यस्तै प्रकृति र समान उद्देश्यका कार्यक्रमका बीचमा दोहोरोपन हटाउने उचीत व्यवस्था गर्ने, स्थानीय तहका पदाधिकारी र संलग्न कर्मचारीहरूमा उच्च नैतिक दायित्व बोध गराई कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनमा योगदान गर्ने लगायतका विषयहरू सम्बोधन हुनुपर्ने देखिएको छ ।

कार्यक्रमले परिकल्पना गरेको परिवर्तनको खाकालाई आधार मानी मूल्याङ्न गर्दा कार्यक्रम कार्यान्वयनमा निम्न पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ।

## १. रोजगारी तथा सामाजिक संरक्षणको पहुँच बृद्धि

स्थानीय तहको अपनत्वमा कमीका कारण स्थानीय तहमा रोजगार सेवा केन्द्रले प्रभावकारीरुपमा क्रियाकलाप सञ्चालन गर्न सकेका छैनन् । कार्यक्रमले रोजगार सेवा तथा सहायता प्रवाह गर्न आवश्यक पर्ने केन्द्रको क्षमता विकास गर्न नसक्नु तथा रोजगार सूचनालाई एकिकरण गर्न मन्त्रालयले आगामी दिनमा रोजगार सेवा केन्द्रको स्तरोन्नती तथा क्षमता विकासका क्रियाकलापमा ध्यान दिनुपर्ने देखिएको छ । स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रबाट सबै बेरोजगार व्यक्तिलाई श्रम तथा रोजगारीका सम्बन्धमा सेवा प्रवाह गरी शैक्षिक तथा सीपयुक्त बेरोजगार व्यक्तिलाई समेत कार्यक्रममा समाहित गर्न वाञ्छनिय देखिएको छ ।

बेरोजगार व्यक्तिको पहिचान तथा निजहरुलाई रोजगारीमा संलग्न गराउनमा स्थानीय तहको प्रमुख जिम्मेवारी देखिएको र रोजगारमूलक आयोजना सञ्चालन गर्ने तीनै तहको दायित्व भएको कारण अन्तरमन्त्रालय तथा अन्तरतह समन्वय तथा सहकार्य अभिबृद्धि गर्न अत्यावश्यक देखिएको छ । रोजगारीको हक समबन्धी ऐन, २०७५ ले एक सय दिनको रोजगारीलाई न्यूनतम रोजगारी भनि परिभाषित गरेको सन्दर्भमा कार्यक्रमले ऐनको प्रावधान कार्यान्वयनमा थप प्रभावकारीरुपमा लाग्नु पर्ने देखिएको छ ।

सामाजिक संरक्षण प्रदान गर्ने क्रियाकलापमा व्यक्तिको छनौट, नियमित तथा आवधिक रकमको हस्तान्तरण तथा निजहरुको दीर्घकालीन सामाजिक र आर्थिक सुधार हुने प्रकृतिको क्रियाकलाप सञ्चालन गर्न कार्यक्रमले आयोजनाको छनौट तथा सो को कार्यान्वयन गर्दा गरिब लक्षित योजना तर्जुमा समेतलाई ध्यानमा राखेर कार्यविधीको तोकेको आयोजना बैङ्कको कार्यान्वयन गर्न गराउन आवश्यक छ । कार्यक्रमले व्यक्तिको सामाजिक र आर्थिक अवस्थालाई ध्यानमा राखेर वार्षिक आवेदन दिने प्रावधान बमोजिम स्थानीय तहबाट उक्त विवरणलाई परिक्षण/संसोधन गरेपश्चात मात्रै बेरोजगार व्यक्तिको विवरणलाई स्थानीय तहको कार्यपालिकाको बैठकमा पेश गर्न गराउन गराउन आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

स्थानीय तहमा विपन्न बेरोजगार व्यक्तिको शैक्षिक अवस्थालाई ध्यानमा राखि माघ तथा फागुन महिना वडा तथा वस्तिस्तरमा सञ्चार अभियान सञ्चालन गर्ने एवम् उक्त वर्गलाई आवेदन दिन सहजिकरण गर्न आवश्यक देखिन्छ । यसबाट कार्यक्रमले वास्तविक लाभग्राही छनौट भई सामाजिक न्याय उपलव्ध गराउन सहयोग पुग्ने देखिन्छ ।

## २. उत्पादनशील रोजगारीमा अभिबृद्धि

प्रधानमन्त्री रोजगार कार्यक्रमले वार्षिक एक सय दिनको अल्पकालिक रोजगारी उपलव्ध हुँदा उत्पादनशील रोजगारी सिर्जना हुने नभई ऐनले परिभाषित गरेको बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलव्ध गराउनमा वर्तमान कार्यहरु निदिष्ट भएको देखिन्छ । कार्यक्रमले एक सय दिनको रोजगारी नपाएको वा एक सय दिन बराबरको रोजगारी वा स्वरोजगारीबाट आम्दानी नभएका व्यक्तिलाई रोजगारी वा निर्वाह भत्ता उपलव्ध गराउने प्रावधान राखेको छ । क्षतिपूर्ति सहितको प्रावधान एवम् श्रमबजारमा उपलव्ध विपन्न बेरोजगार व्यक्तिलाई सामाजिक संरक्षण उपलव्ध गराई जीवन निर्वाहमा सहजिकरण गर्ने कार्यक्रमको प्रमुख उद्देश्य भएकोले चालु कार्यनीतिले उत्पादनशील रोजगारी सिर्जना हुने देखिदैन । तथापि, सामाजिक संरक्षण प्रदान गर्दै उत्पादनशील रोजगारी सिर्जना गर्न रणनैतिक मार्गदर्शन अवलम्वन भएमा श्रमबजारको माग बमोजिमको उत्पादनशील रोजगारी सिर्जना हुन सक्दछ । यस कार्यका लागि कार्यक्रमले श्रम बजारको माग बमोजिमका

सीप विकास एवम् श्रम बजारमा प्रवेश गराउन आवश्यक सहायता र सुविधा उपलव्ध गराउन आवश्यक देखिन्छ ।

## ३. उत्पादनशील पूर्वाधारको विकास

श्रममूलक प्रविधि प्रयोग गर्दा मेसिनको प्रयोग नहुने र सोबाट ज्यालामा खर्च हुने रकम बढाउन सकिने भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा श्रममूलक प्रविधिको प्रयोग गर्ने प्रावधान छ। मेसिनको प्रयोग नहुँदा वातावरण संरक्षणमा समेत सहयोग पुग्ने भएकोले यो प्रविधिको प्रयोग कामका लागि पारिश्रमिक आयोजनाहरुमा प्रचलित छ । श्रममूलक प्रविधि विकासशील क्षेत्रमा नयाँ पूर्वाधारको निर्माण वा सोको मर्मतमा प्रयोग हुन सक्ने भए तापनि विकास भईसकेका नगरहरुमा यस प्रकृतिको क्रियाकलाप प्रभावकारी हुदैन । श्रममूलक प्रविधिको प्रयोग गर्दा निर्माण सामग्रीको समेत प्रयोग गर्नु पर्ने तर प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको बजेटबाट निर्माण सामग्रीमा खर्च गर्न नपाइने प्रावधानले पूर्वाधार निर्माण तथा मर्मतमा निर्माण सामग्रीको अभाव हुँदा आयोजनाको गुणस्तरमा प्रश्न चिन्ह देखा परेको छ ।

उत्पादनशील पूर्वाधारले समुदायको सामाजिक र आर्थिक उन्नतीमा सहयोग पुर्‍याएको हुनु पर्दछ । रोजगारीमा परिचालन भएको बेरोजगार व्यक्तिहरु विपन्न वर्गको हुने र निर्माण भएको पूर्वाधारबाट उक्त वर्गको आर्थिक र सामाजिक लाभ भएमा उक्त आयोजनालाई उत्पादनशील भन्न सकिने धारणालाई दृष्टिगत गर्दा वर्तमान समयमा पूर्वधार उत्पादनशील बनाउन गरिब लक्षित योजना छनौट र गुणस्तरयुक्त आयोजनाको निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्याला मात्रैको श्रोत प्रयोग गरी पूर्वाधार निर्माणको आयोजना सञ्चालन गर्न असम्भव भएको अवस्थामा साझेदारी गर्न र साझेदारी गर्दा निश्चित प्रतिशत कार्यक्रमको श्रोतको परिचालन हुन आवश्यक देखिन्छ ।

आ.व. २०७७/७८ देखि कार्यक्रमले प्राविधिक कर्मचारीको नियुक्ति गरेको कारण आगामी दिनमा आयोजनाको गुणस्तर कायम गर्न मद्दत पुग्ने देखिन्छ । तथापि श्रममूलक प्रविधि र सो को प्रयोगबाट पूर्वाधारको निर्माण कार्य जटिल हुने भएकोले प्राविधिक कर्मचारीलाई थप क्षमता विकास गर्न आवश्यक देखिएको छ ।

## ४. रोजगारी सिर्जनाको लागि समन्वय र सहकार्य अभिबृद्धि

रोजगारी सिर्जना जटिल तथा अन्तरसम्बन्धित कार्य भएको हुनाले यो कार्यका लागि निजी क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी क्षेत्रको संयुक्त प्रयास आवश्यक छ । रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावलीले तोकेको समन्वय र सहकार्य गर्ने निकाय तथा समिति मात्रैले समग्र रोजगारीको अवस्थालाई सुधार्न कठिन हुने र अन्तरनिकाय र अन्तरतह समन्वय र सहकार्यका क्रियाकलाप प्रभावकारी बन्न नसकेको अवस्थालाई दृष्टिगत गर्दा चाल योजनाले मार्गनिर्देश गरेअनुसार राष्ट्रिय रोजगार प्राधिकरणको स्थापना हुनु आवश्यक देखिन्छ । रोजगारी सिर्जनालाई गरिबी न्यूनिकरण तथा मर्यादित रोजगारीको विषयबाट समेत हेरिनु पर्ने भएकोले राष्ट्रिय स्तरको अनुगमन तथा मूल्याङ्कन गर्ने विधी अवलम्वन गरिनु आवश्यक देखिएको छ । यस कार्यमा निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था गर्नु वाञ्छनीय छ ।

## ५.२ सुझावहरू

यस आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सम्बन्धित समस्या तथा चुनौतिलाई सम्बोधन गर्न तपसिल अनुसार सुझाव प्रस्तुत गरिएको छ ।

१. स्थानीय तहले कार्यक्रमको अपनत्व ग्रहण गर्ने वातावरण बनाउन आवश्यक समन्वय तथा रोजगार सेवा केन्द्रहरूको सुदृढीकरण, स्रोतको पर्याप्त हस्तान्तरण र नीतिगत सहजीकरण गरी सबै स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्ने ।
२. स्थानीय तहले समयमै र नियमसंगत ढंगले कार्यक्रमको कार्यान्वयन गरे नगरेको र अन्य विषयसमेत सम्वोधन हुने गरी अनुगमन संयन्त्र र पद्धति सुदृढ गर्ने । अनुगमन तथा मूल्यांकन र प्रतिवेदनको कार्य श्रम विभाग र मातहतका कार्यालयबाट व्यस्थापन गर्ने । नीतिगत विषय र कार्यक्रम स्वीकृतिको विषय मन्त्रालयको आन्तरिक रोजगारी प्रवर्द्धन महाशाखाले हेर्ने व्यवस्था गर्ने ।
३. राष्ट्रिय न्यूनतम ज्यालादर वा स्थानीय न्यूनतम ज्याला दरको ८० प्रतिशतले हुने रकम मध्ये जुन वढी हुन्छ सोही दर कायम गर्ने नीतिगत व्यवस्था गर्ने।
४. राष्ट्रिय तथा क्षेत्रगत उपभोक्ता मूल्य सूचकांकलाई आधार लिई न्यूनतम ज्यालादर समायोजन गर्ने पद्धति स्थापना गर्ने ।
५. आयोजनाको कुल लागत मध्ये कम्तीमा ७० प्रतिशत ज्यालामा र ३० प्रतिशत निर्माण सामाग्री लगायतमा खर्चको व्यवस्था गर्ने ।
६. निर्माण सामग्री लगायतको खर्च वापतको ३० प्रतिशत मध्ये आयोजनामा साझेदारीको लागि संघीय स्रोतबाट अधिकतम ३० प्रतिशत र स्थानीय तहबाट न्यूनतम ७० प्रतिशत व्यहोर्ने व्यवस्था गरी लागत साझेदारी गर्ने ।
७. आयोजना छनौटमा स्थानीय आवश्यकता अनुसार स्थानीय तहले छनौट गर्न सक्ने व्यवस्था गर्ने । आगामी आर्थिक वर्षबाट स्थानीय तहले योजना तर्जुमा प्रक्रियामा बजेट छुट्टयाउन सक्ने गरी आयोजना छनौटको प्रावधान राख्ने ।
८. शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रका आयोजनामा समेत सूचीकृत बेरोजगारलाई लगाउन सकिने व्यवस्था गरी शैक्षिक बेरोजगारलाई सम्बोधन गर्ने ।
९. हाल सूचिकृत बेरोजगारको संख्यालाई बजेट बिनियोजनको एक मात्र आधार बनाइएकोमा आगामी वर्षहरूमा बेरोजगार प्राथमिकिकरणमा प्राप्त हुने प्राप्ताङ्कलाई आधार मान्ने ।
१०. बेरोजगार छनौट र आवद्धतामा सुधार गर्ने । बेरोजगार प्राथमिकीकरणमा गरिव घरपरिवार सूचीकरण तथ्याङ्कका साथै जिल्लागत सूची र अनुदानका लागि आवश्यकता अनुसार मानव विकास सूचकांक (HDI) को पनि प्रयोग गर्ने व्यवस्था गर्ने।
११. श्रममूलक आयोजनाको लागत अनुमान तथा मूल्यांकन तयार गर्ने निश्चित मापदण्ड तयार गरी स्थानीय तहलाई उपलब्ध गराउने ।
१२. प्रत्येक पन्ध्र दिनमा ज्यालावापतको रकम कामदाररूलाई भुक्तानी दिने प्रणालीको व्यवस्था गर्ने ।

१३. बैकिंग सेवा विस्तारमा समन्वय गर्ने र पहुँच कम भएका वा टाढा भएका स्थानीय तहमा श्रमिक समूहको नाममा ज्याला भुक्तानी दिने व्यवस्था मिलाउने ।स्थानीय जनप्रतिनिधिलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

१४. कार्यविधि तथा निर्देशिकामा भएका प्रावधान तथा समय समयमा परिवर्तन हुने नीतिगत विषयमा रोजगार संयोजक तथा स्थानीय तहका निर्वाचित पदाधिकारीलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

१५. गलत विवरण भरेर सूचीकृत हुने कार्यलाई निरूत्साहित गर्न सूचीकृत हुन आवेदन दिने व्यक्तिको विवरणको छानविन सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यले गरीव्यवस्थित गर्ने नीतिगत व्यवस्था गर्ने।

१६. सूचीकृत भएका अधिकतम व्यक्तिलाई रोजगारी प्रदान गर्न निजी क्षेत्र वा निर्माण व्यावसायीहरूले निर्माण गर्ने पूर्वाधार तथा अन्य ठेक्काको काममा चाहिने तर कुनै विशिष्टिकृत सीप आवश्यक नपर्ने श्रमशक्ति अनिवार्यरूरूपमा रोजगार सेवा केन्द्रबाट माग गरी काममा लगाउने व्यवस्था गर्ने ।

१७. लागत साझेदारीलाई प्रभावकारी बनाउन स्थानीय तहको नगर वा गाउँ सभा हुनअघि नै तत् तत् तहमा सूचीकृत मध्ये रोजगार पाउन योग्य व्यक्तिको संख्या र अनुदान रकमको जानकारी दिने पद्धति विकास गर्ने ।

१८. प्रदेश सरकारको स्रोतसमेत परिचालन गरी कार्यक्रमको दिगोपन कायम गर्न नीतिगत व्यवस्था गर्ने । नीजि तथा गैरसरकारी क्षेत्रको स्रोत परिचालनका लागि समन्वय र सहकार्य अभिवृद्धि गर्न आवश्यक पहल गर्ने ।

१९. जनशक्ति र भौतिक साधन पर्याप्त नभएका र सूचना प्रविधि पूर्वाधारको अभाव रहेका स्थानीय तहलाई प्राथमिकता दिई स्रोत र पूर्वाधार विकासमा सघाउने ।

२०. बेरोजगार सूचीकरण र रोजगारीका अवसर सम्बन्धी सूचना सरोकारवाला समक्ष पुर्याउन स्थानीय तहका पदाधिकारीलाई जिम्मेवार बनाउनुका साथै स्थानीय आमसञ्चार माध्यमको पहुँच वढाउन प्रोत्साहन गर्ने ।

२१. छनौट भएका आयोजनाको काममा लगाउनु पूर्व कामको प्रकृति अनुसार कामदाररूको न्यूनतम सीप विकासका लागि तालिम तथा अभिमूखीकरण सञ्चालन गर्ने ।

२२. सूचीकरण हुन चाहने व्यक्तिलाई अनलाइन फाराम भर्न र आवश्यक कागजातह व्यवस्थित गर्न रोजगार सेवा केन्द्र वा वडा कार्यालयले सहजीकरण गर्ने व्यवस्था गर्ने ।

२३. रोजगार सेवा केन्द्रबाट यस कार्यक्रमको कार्यान्वयनका साथै रोजगारमूलक सेवा, सुविधा र सहायता हुने प्रभावकारी व्यवस्थापनका लागि संलग्न कर्मचारीको क्षमता वृद्धि तथा स्रोतको उचीत व्यवस्था गर्ने ।

२४. विभिन्न निकायबाट उपलव्ध हुने रोजगारसम्बद्ध सेवा तथा सुविधाको एकीकृत सूचना व्यवस्थापनका लागि रोजगार सेवा केन्द्रको पहुँच वढाउँने । रोजगार सूचना व्यवस्थापन प्रणाली व्यवस्थित गरी तथ्याङ्क व्यवस्थापन तथा श्रमबजारको माग तथा आपूर्तिको विश्लेषण गर्ने पद्धति स्थापना गर्ने ।

२५. प्रदेश र स्थानीय निर्देशक समितिहरुको सक्रीयता वढाई कार्यक्रमको प्रभावकारी सञ्चालनका साथै तीनै तहमा रोजगार सम्वाद मञ्च सञ्चालनमा ल्याउने ।

२६. प्रदेश र स्थानीय तहमा समेत रहेका यस्तै प्रकृति र समान उद्देश्यका कार्यक्रमका बीचमा दोहोरोपन हटाई स्रोतको अत्युत्तम प्रयोग गर्न तीनै तहको लागत साझेदारी वा सहवित्त परिचालनका लागि नीतिगत व्यवस्था र संरचनागत प्रणाली स्थापना गर्ने ।

# सन्दर्भ सामग्री


नेपाल सरकार(२०७२). नेपालको संविधान, कानुन किताव व्यवस्था समिति, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७६), पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७५), राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७१)), रोजगार नीति, कानुन किताव व्यवस्था समिति, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७५)), रोजगारीको हक सम्बन्धी ऐन, कानुन किताव व्यवस्था समिति, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७५)), रोजगारीको हक सम्बन्धी नियमावली, कानुन किताव व्यवस्था समिति, कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७५)), प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार (२०७६)), बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

# अनुसूची

## अनुसूची १

### स्थलगत तथ्याङ्क संकलनका लागि छनौट भएका स्थानीय तहको विवरण

| क्र.सं. | प्रदेश | जिल्ला | भौगोलिक क्षेत्र | स्थानीय तह |
|---|---|---|---|---|
| १ | १ | धनकुटा | पहाड | महालक्ष्मी न.पा. र सहिदभूमी गा.पा. |
| २ | १ | सुनसरी | तराई | इटहरी उ.म.न.पा. र गढी गा.पा. |
| ३ | २ | महोत्तरी | तराई | गौशाला न.पा. र वर्दिवास न.पा. |
| ४ | २ | सर्लाही | तराई | इश्वरपुर न.पा., लालबन्दि न.पा. |
| ५ | वागमती | नुवाकोट | पहाड | विदुर न.पा., तारकेश्वर गा.पा. |
| ६ | वागमती | रसुवा | हिमाल | उत्तरगया गा.पा., नौकुण्ड गा.पा. |
| ७ | गण्डकी | स्याङ्जा | पहाड | पुतलिबजार न.पा. र आँधिखोला गा.पा. |
| ८ | गण्डकी | कास्की | पहाड | पोखरा म.न.पा. , रूपा गा.पा. |
| ९ | लुम्बिनी | रोल्पा | पहाड | रोल्पा न.पा. , रून्टीगढी गा.पा. |
| १० | लुम्बिनी | रूपन्देही | तराइ | तिलोत्तमा न.पा. , मायादेवी गा.पा. |
| ११ | कर्णाली | सुर्खेत | पहाड | लेकवेसी न.पा. , पञ्चपूरी न.पा. |
| १२ | कर्णाली | कालिकोट | हिमाल | खाँडाचक्र न.पा. , रास्कोट न.पा. |
| १३ | सुदूर पश्चिम | बझाङ | हिमाल | सुमरी गा.पा. थलारा, गा.पा. |
| १४ | सुदूर पश्चिम | कैलाली | तराई | धनगढी उ. प. म.न.पा., टिकापुर न.पा. |
| १५ | वागमती | ललितपुर | उपत्यका | ललितपुर म. न.पा., महाँकाल गा.पा. |
| १६ | वागमती | काभ्रे | उपत्यका आसपास | मण्डनदेउपुर न.पा., बेथानचोक गा.पा. |

**अनुसूची २**

**तथ्याङ्क तथा विवरण संकलनका लागि प्रयोग भएका प्रश्नावली तथा चेकलिष्ट**

**प्रश्नावली १**

## प्रधानमन्त्री रोजगार कार्यक्रम

## आन्तरिक मूल्याङ्कन सम्बन्धी प्रश्नावली

**यो प्रश्नावलीका विवरणहरू छनौट भएका स्थानीय तहका प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्षलाई सकेसम्म एकै स्थानमा भेला गराई संकलन गर्नुपर्दछ । उपलव्ध भएसम्म वडा अध्यक्षहरूलाई समेत सहभागी गराउनु पर्दछ ।**

१. प्रदेशः..................... कोडः... २. जिल्लाः............ कोडः......

३. स्थानीय तहः... ...... ... ...... ... कोडः...

४. प्रमुख/अध्यक्षको नामः... ...... ... ...... ...

५. उपप्रमुख/उपाध्यक्षको नामः ...... ... ...... ... ...... ...

M1. तपाईको विचारमा प्रधानमन्त्री रोजगार कार्यक्रम मुख्यतः कुन उद्देश्यले लागु भएको हो?

१. रोजगारी सिर्जना

२. श्रम विनिमयमा सहजीकरण

३. रोजगारी मार्फत सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभूति

M2. तपाईको विचारमा प्रधानमन्त्री रोजगार कार्यक्रमको अपनत्व मुख्यतः कुन तहको सरकारले लिनुपर्छ जस्तो लाग्छ?

१. संघीय सरकार

२. प्रदेश सरकार

३. स्थानीय सरकार

M3. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना/कार्यक्रम तथा तिनिहरूको क्षेत्र यस स्थानीय तहका लागि सान्दर्भिक छ?

१. छ→M5 २. छैन

M4. कुन विषय क्षेत्रका कस्ता आयोजना/कार्यक्रम सञ्चालन गर्नु सान्दर्भिक हुन्छ?

.......................................................................................................................

.......................................................................................................................

M5. कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकारबाट प्राप्त भएको रकम पर्याप्त छ?

१. छ २. छैन

M6. कार्यक्रम सञ्चालनका लागि स्थानीय तहबाट थप रकम विनियोजन गरिएको छ?

१. छ रकम रू.........................(...........प्रतिशत) २. छैन

M7. कार्यक्रमसँग सम्बन्धित नीति, निर्देशन तथा निर्देशिकाले कार्यक्रम सञ्चालन सहज भएको छ?

१. छ→M9 २. छैन

M8. के कस्तो नीति निर्देशनले समस्या परेको हो?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………..

M9. कार्यक्रम सञ्चालनका लागि हाल संलग्न जनशक्ति पर्याप्त छ?

१. छ २. छैन→M11

M10. कस्तो र कति संख्यामा जनशक्ति अपर्याप्त छ खुलाउनुहोस्?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………..

M11. कार्यक्रम सञ्चालनका लागि भौतिक सामग्रीको उपलव्धता पर्याप्त छ?

१. छ २. छैन→ M13

M12. अभाव भएका भौतिक सामग्रीको विवरण दिनुहोस्?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………..

M13. संघीय सरकारबाट बजेट प्राप्त नभएमा वा आवश्यकता भन्दा कम प्राप्त भएमा कार्यक्रम निरन्तर सञ्चालनका लागि यस स्थानीय तहले स्वयं व्यवस्थापन गर्न सक्छ?

१. सक्छ २. सक्दैन

M14. कार्यक्रमलाई निरन्तरता दिनका लागि यस स्थानीय तहले अपनत्व ग्रहण गरी स्वयं सञ्चालन गर्न सक्छ?

१. सक्छ २. सक्दैन

M15. कार्यक्रम कार्यान्वयन गर्न विगत वर्षहरूमा भन्दा यस आर्थिक वर्षमा कुनै कठीनाई भएको छ?

१. छ २. छैन→ M17

M16. विगत वर्षहरूमा भन्दा यस आर्थिक वर्षमा कठीनाई हुनुको मूख्य कारण के हो?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………..

M17. यस स्थानीय तहले रोजगारी सम्वन्धी नीति वा रणनीति तयार गरेको र रोजगारीको सम्भाव्यता अध्ययन गरेको छ?

१. छ→ M19 २. छैन

M18. रोजगारी सम्वन्धी नीति वा रणनीति तयारी र रोजगारीको सम्भाव्यता अध्ययन नगर्नुको मूख्य कारण के हो?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………..

M19. यस स्थानीय तहले यस्तै प्रकृतिको बेरोजगार लक्षित कार्यक्रम सञ्चालन गरेको छ?

१. छ २. छैन→ M21

M20. बेरोजगार लक्षित कार्यक्रमको विवरण दिनुहोस्?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………..

M21 . निर्देशिका वा कार्यविधिमा व्यवस्था भए अनुसार प्रक्रिया पूरा गरी बेरोजगार व्यक्तिको सूचीकरण र रोजगारीमा आवद्ध गर्नु भएको छ?

१. छ २. छैन

M22. सूचीकृत बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी उपलव्ध गराइएको छ?

१. छ→ M24 २. छैन

M23. सूचीकृत बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी उपलव्ध नगराउनुको मूख्य कारण के हो?

…………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………..

M24. कोभिड-१९ को कारणले रोजगारी गुमाएका र वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति लक्षित रोजगार नीति र कार्यक्रम तयार गर्नु भएको छ ?

१. छ २. छैन

M25. कोभिड-१९ को कारणले यस स्थानीय तहमा लगभग कति व्यक्तिले रोजगारी गुमाए ?

……………………………………………………………………………………………………………..

###

**प्रश्नावली २**

# प्रधानमन्त्री रोजगार कार्यक्रम

## आन्तरिक मूल्याङ्कन सम्बन्धी प्रश्नावली

**यो प्रश्नावलीमा संलग्न विवरणहरू छनौट भएका स्थानीय तहका रोजगार सेवा केन्द्रका रोजगार संयोजक वा सम्बन्धित कर्मचारीबाट संकलन गर्नुपर्दछ ।**

१. प्रदेश:.................... कोड:... २. जिल्ला:........... कोड:......

३. स्थानीय तह:... ...... ... ...... ... कोड:...

४. उत्तरदाता (रोजगार संयोजक/कर्मचारी)को नाम:... ...... ... ...... ...

C1. प्रधानमन्त्री रोजगार कार्यक्रममा हालसम्म सूचीकृत भएका व्यक्तिहरूको संख्यात्मक विवरण दिनुहोस् ।

| | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| आ.व. २०७५/७६ | | | |
| आ.व. २०७६/७७ | | | |
| आ.व. २०७७/७८ | | | |
| जम्मा | | | |

C2 यस कार्यक्रममा हालसम्म सूचीकृत भएका व्यक्तिहरूको उमेर समूह अनुसारको विवरण दिनुहोस् ।

| | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| १८-४० वर्ष | | | |
| ४१-५९ वर्ष | | | |
| जम्मा | | | |

C3. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भई रोजगारी प्राप्त गरेका व्यक्तिहरूको विवरण दिनुहोस् ।

| | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| आ.व. २०७५/७६ | | | |
| आ.व. २०७६/७७ | | | |
| आ.व. २०७७/७८ | | | |
| जम्मा | | | |

C4. कुनै एक आर्थिक वर्षमा रोजगारी प्राप्त गरेका कति जनाले अर्को आर्थिक वर्षमा पनि पुनः रोजगारी प्राप्त गरेका थिए ।

| | पुनः रोजगारी प्राप्त गर्नेको संख्या | प्रतिशत |
|---|---|---|
| आ.व. २०७६/७७ | | |
| आ.व. २०७७/७८ | | |

C4. यस कार्यक्रममा सूचीकृत भई रोजगारी प्राप्त गरेका व्यक्तिहरूको उमेर समूह अनुसारको विवरण दिनुहोस् ।

| | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| १८-४० वर्ष | | | |
| ४१-५९ वर्ष | | | |
| जम्मा | | | |

C5. यस कार्यक्रममा सूचीकृत भई रोजगारी प्राप्त गरेका व्यक्तिहरूको रोजगारीको समय अवधि अनुसारको विवरण दिनुहोस् ।

| | १०० दिन | | १०० दिन भन्दा कम | |
|---|---|---|---|---|
| | महिला | पुरूष | महिला | पुरूष |
| आ.व. २०७५/७६ | | | | |
| आ.व. २०७६/७७ | | | | |
| आ.व. २०७७/७८ | | | | |
| जम्मा | | | | |

C6. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम र खर्चको विवरण दिनुहोस् ।

| | संघीय सरकारबाट हस्तान्तरित रकम | | प्रदेश सरकारबाट हस्तान्तरित रकम | | स्थानीय तहबाट विनियोजित रकम | |
|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | प्राप्त रकम रू. | खर्च भएको रकम रू. | प्राप्त रकम रू. | खर्च भएको रकम रू. | विनियोजित रकम रू. | खर्च भएको रकम रू. |
| २०७५/७६ | | | | | | |
| २०७६/७७ | | | | | | |
| २०७७/७८ | | | | | | |
| जम्मा | | | | | | |

C7.. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि छनौट भएका आयोजना वा कार्यक्रमको विवरण दिनुहोस् ।

| आर्थिक वर्ष | आयोजना संख्या | खर्च भएको रकम रू. | रोजगारीको संख्या |
|---|---|---|---|
| २०७५/७६ | | | |
| २०७६/७७ | | | |
| २०७७/७८ | | | |
| जम्मा | | | |

C8. छनौट भएका आयोजना वा कार्यक्रमको विषय क्षेत्र अनुसारका विवरण उल्लेख गर्नुहोस ?

| क्र सं | | आयोजना संख्या | | | उपलब्ध रोजगारी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | कृषि, सहकारी तथा पशु विकास | | | | | | |
| २ | उर्जा, सिचाइ तथा नदी नियन्त्रण | | | | | | |
| ३ | खानेपानी तथा सरसफाई | | | | | | |
| ४ | वन तथा वातावरण | | | | | | |
| ५ | पर्यटन प्रवर्द्धन | | | | | | |
| ६ | सडक यातायात | | | | | | |
| ७ | शिक्षा, युवा तथा खेलकुद | | | | | | |
| ८ | पुनः निर्माण | | | | | | |
| ९ | सामूदायिक पूर्वाधार निर्माण | | | | | | |
| १० | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | | | | | | |
| ११ | सूचना तथा संचार प्रविधि उद्योग | | | | | | |
| १२ | अन्य | | | | | | |
| १३ | जम्मा | | | | | | |

C9. कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रम कार्यान्वयनको आरम्भ भयो ?

१ भयो→C11 २ हालसम्म भएको छैन

C10. कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रम कार्यान्वयनको आरम्भ हालसम्म हुन नसक्नुको मुख्य कारण उल्लेख गर्नुहोस् ?

………………………………………………………………………………………………………………..

C11. कार्यक्रम सञ्चालनका लागि व्यवस्था गरिए बमोजिम जनशक्तिको पदपूर्ति भएको छ?

१ छ→C13 २ छैन

C12. कस्तो जनशक्तिको पदपूर्ति हुन नसकेको हो?

……………………………………………………………………………………………………

C13. कार्यक्रमका लागि उपलव्ध भौतिक सामग्री पर्याप्त छन्?

१ छन्→C15 २ छैनन

C14. अभाव भएका भौतिक सामग्रीको विवरण दिनुहोस् ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

C15. कार्यक्रमसँग सम्बन्धित सूचना प्रणालीको सञ्चालनमा कुनै समस्या छ?

१ छ→C18 २ छैन

C16. सूचना प्रणालीको सञ्चालनमा विद्यमान मूख्य समस्या उल्लेख गर्नुहोस्?

……………………………………………………………………………………………………

C17. लगभग कति प्रतिशत रोजगारी प्राप्त गरेका सूचीकृत व्यक्तिले बीचमै काम छोड्ने गरेका छन्?

……………………………………………………………………………………………………

C18. बीचमै काम छोड्नुको मूख्य कारण उल्लेख गर्नुहोस् (बहुउत्तर सम्भव छ)

१. अन्यत्र रोजगारी प्राप्त गरेकाले

२. स्वरोजगारमूलक कार्यमा संलग्न भएकाले

३. काम अनुसारको सीप वा दक्षता नभएकाले

४. योग्यता अनुसारको काम उपलव्ध नभएकाले

५. पारिश्रमिक न्यून भएकाले

६. अन्य (खुलाउने)…………………………

C19. यो कार्यक्रम सञ्चालनमा देखिएका मूख्य समस्या उल्लेख गर्नुहोस् ।(वढीमा ३ वटा मात्र)

१. ………………………………………………………..

२. ……………………………………………………….

३. ………………………………………………………..

C20. यो कार्यक्रम प्रभावकारीरूपमा सञ्चालनमा गर्न गर्नु पर्ने सुधार सम्बन्धमा सुझाव दिनुहोस् ।(वढीमा ३ वटा मात्र)

१. ………………………………………………………..

२. ……………………………………………………….

३. ………………………………………………………..

###

# प्रधानमन्त्री रोजगार कार्यक्रम
## आन्तरिक मूल्याङ्कन सम्बन्धी प्रश्नावली

यो प्रश्नावलीका विवरणहरू छनौट भएका स्थानीय तहमा दर्ता भई विगत वा चालु आर्थिक वर्षमा रोजगारी प्राप्त गरेका कम्तिमा २ जनासँग सोधेर संकलन गर्नुपर्दछ ।

१. प्रदेश:.................... कोड:... २. जिल्ला:............ कोड:......
३. स्थानीय तह:... ...... ... ...... ... कोड:...
४. उत्तरदाताको नाम: ...... ... ...... ... ...... ...

m1. तपाईले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्माजम्मी कति दिन काम गर्नु भयो ?
...... ... ...... ... दिन

M2. तपाईले गर्नु भएको काम केसँग सम्बन्धित थियो र कति कति दिन काम गर्नु भयो ?

| क सं | क्षेत्र | काम गरेको दिन |
|---|---|---|
| १ | कृषि, सहकारी तथा पशु विकास | |
| २ | उर्जा, सिचाइ तथा नदी नियन्त्रण | |
| ३ | खानेपानी तथा सरसफाई | |
| ४ | वन तथा वातावरण | |
| ५ | पर्यटन प्रवर्द्धन | |
| ६ | सडक यातायात | |
| ७ | शिक्षा, युवा तथा खेलकुद | |
| ८ | पुनः निर्माण | |
| ९ | सामूदायिक पूर्वाधार निर्माण | |
| १० | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | |
| ११ | सूचना तथा संचार प्रविधि उद्योग | |
| १२ | अन्य | |
| | जम्मा | |

M3. तपाईले यस कार्यक्रमबाट रोजगारी प्राप्त हुने कुरा कसरी थाहा पाउनुभयो ?
......................................................

M4. तपाईले गरेको कामवापत प्रति दिन कति रूपैंयाका दरले पारिश्रमिक प्राप्त गर्नुभयो ?

| | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|---|
| ज्याला दर/दिन रू. | | | |

M5. तपाईले गरेको कामवापत प्राप्त पारिश्रमिक परिवारको जीवन निर्वाहका लागि पर्याप्त थियो ?

१. थियो		२. थिएन

M6. तपाइले कति जनाको समूहमा काम गर्नु भयो ?

……………………………………………

M7. सम्बन्धित कामसँग तपाईको सीप तथा अनुभव सम्बन्धित थियो ?

१. थियो		२. थिएन

M8. काममा संलग्न हुनु अघि तालिम प्रदान गरिएको थियो ?

१. थियो		२. थिएन

M9. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आगामी दिनमा सञ्चालनका हुने कुनै आयोजना वा कार्यक्रममा संलग्न हुन इच्छुक हुनुहुन्छ ?

१. छु		२. छैन

M10. तपाईको विचारमा यस कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न के कस्तो सुधार गर्नु पर्ला ?

………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………
………………………………………………………………………………………………………………………

###

**Check list 1**

# प्रधानमन्त्री रोजगार कार्यक्रम

## आन्तरिक मूल्याङ्कन सम्बन्धी लक्षित समूह छलफल

छनौट भएका स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडा अध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरू, रोजगार सेवा केन्द्रका संयोजक तथा कर्मचारी, दर्ता भएका व्यक्ति, उपभोक्ता समितिका पदाधिकारीहरू, रोजगार प्राप्त गरेका व्यक्ति लगायत सरोकारवालाहरूलाई एकै स्थानमा भेला गराई छलफल गरी विवरण संकलन गर्नुपर्दछ ।

१. प्रदेश:………………… कोड:…		२. जिल्ला:…………		कोड:……

३. स्थानीय तह:… …… … …… …		कोड:…

४. सहभागीहरूको नाम र पद (नोट बुकमा क्रमश: लेख्ने)

a. ………………………………………..
b. ……………………………………….
……………………………………………….

**F1. कार्यक्रमको कार्यसम्पादनबारे छलफल ?**

- कार्यक्रममा विनियोजित बजेट, मानवीय संशाधन तथा उपकरण लगायतका स्रोत तथा साधनको प्रयोग विद्यमान पद्धति र योजना अनुसार भएका छन्, छैनन् ?

- कार्यक्रमको लक्ष्य अनुसार उपलब्धि हासिल भयो/भएन वा हुने दिशातर्फ उन्मुख छ/छैन? लक्ष्य अनुसार उपलव्धि नभएको वा हुने नदेखिएको भए त्यसका कारणहरू के के हुन् ?
- कार्यसम्पादनमा सुधार गर्न के कस्ता पहल आवश्यक देखिएका छन् ?

**F2. कार्यक्रमको सान्दर्भिकताबारे छलफल?**

- कार्यक्रमको सञ्चालन राष्ट्रिय नीति र प्राथमिकतासँग तादाम्यता हुनेगरी भएको छ, छैन ?
- कार्यक्रम स्थानीय जनताको माग र आवश्यकता अनुसार सञ्चालन भएको हो, होइन ?
- कार्यक्रमले समेटेको जनसंख्याको समूह र आकार उपयुक्त छ, छैन ?

**F3. कार्यक्रमको प्रभावकारिता वा कार्यकुशलता बारे छलफल?**

- यस कार्यक्रमले लिएको लक्ष्य अनुसार कति बेरोजगार व्यक्तिहरूले औषतमा कति समयको रोजगारी प्राप्त गरे ?
- रोजगारमूलक सेवा सुविधाका लागि आएका व्यक्तिहरू मध्ये यस स्थानीय तहबाट लगभग कति प्रतिशत व्यक्तिहरूलाई सहजीकरण तथा सेवा प्रदान गरियो ?
- रोजगारी प्राप्त गरेका व्यक्तिहरूको आय आर्जनमा कति वढोत्तरी हुन सक्यो ?
- कार्यक्रमको प्रभावकारी संचालनमा योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्व के के हुन् ।

**F4. कार्यक्रमको कार्यदक्षताबारे छलफल?**

- प्रधानमन्त्री रोजगार कार्यक्रम उपयुक्त समयमा सञ्चालन भएको छ छैन् ?
- कार्यक्रमको समग्र प्रभावकारिता कस्तो छ ?
- कार्यक्रमको स्रोत विनियोजन आवश्यकता अनुसार हुन सकेको छ, छैन ?
- विनियोजित बजेटको खर्चको कार्यकुशलता कस्तो छ ?
- निर्देशिका वा कार्यविधिमा व्यवस्था भए अनुसार प्रक्रिया पूरा गरी बेरोजगार व्यक्तिको सूचीकरण र रोजगारीमा आवद्धताको अवस्था कस्तो छ?

**F5. कार्यक्रमको प्रभावबारे छलफल?**

- कार्यक्रममा स्थानीय बेरोजगार समूहको पहुँच कस्तो रहेको छ ?
- कार्यक्रमले प्राथमिकता दिनुपर्ने वर्गलाई समेट्न सकेको छ, छैन ?
- कार्यक्रमले हालसम्म कति व्यक्तिलाई रोजगारी प्रदान गरेको छ ?
- कार्यक्रमबाट लाभग्राही वर्गका लागि रोजगारी, स्वरोजगारी तथा आय आर्जनमा के कस्तो सकारात्मक प्रभाव परेको वा पर्ने देखिएको छ ?

**F6. कार्यक्रमको दीगोपनाबारे छलफल?**

- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रदान गरिने सेवाको दिगोपना सम्वन्धमा यस स्थानीय तहको सोच कस्तो छ ?
- स्थानीय तहमा रोजगारीका अवसरको दिगोपना कस्तो छ ?
- कार्यक्रम सञ्चालन गर्न आर्थिक श्रोत प्राप्तिको दिगोपना कस्तो छ ?
- कार्यक्रमको संचालन गर्ने प्राविधिक क्षमता (मानब श्रोत र ज्ञान तथा तालिम प्राप्त) को दिगोपना कस्तो छ ?
- रोजगारी उपलव्ध गराउने सम्बन्धमा निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रसँग कस्तो समन्वय भएको छ?

###

# अनुसूची ३
## तस्विरहरू



रसुवाको नौकुण्ड गाउँपालिकामा भएको अन्तरक्रिया कार्यक्रमको झलक ।



नुवाकोटको विदुर नगरपालिकामा भएको अन्तरक्रिया कार्यक्रमका सहभागीहरू ।




सर्लाहीको लालवन्दी नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट निर्मित पार्कको स्थलगत अवलोकनमा सहभागी माननीय सदस्य लगायत ।




ललितपुर महानगरपालिकामा भएको अन्तरक्रिया कार्यक्रममा नगरप्रमुख लगायत सहधागीहरू।




धनकुटाको महालक्ष्मि नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत निर्मित सडक नाली तथा मर्मत गरिएको सडक ।




धनकुटाको शहिदभूमि गाउँपालिकामा भएको छलफलमा सहभागीहरूबाट विचार व्यक्त गरिरहेको दृष्य ।